मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## यस्तो हुन्छ लोकसेवा आयोगको अन्तर्वार्ता प्रक्रिया

(२५ कुरा जानिराखौं)

पृष्ठ ७ मा



वर्ष २ | अंक ३२६ | २०८१ साल कार्तिक ०४ गते आइतबार | Sunday 20, October 2024 | सूर्योदय: बिहान ६:०७ बजे | सूर्यास्त: साँझ ५:३२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# ६ गृहमन्त्री, जो मुद्दा खेप्दै जेल पुगे



गोविन्दराज



बालकृष्ण



खुमबहादुर



विजय गच्छदार



कृष्णबहादुर



रवि

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालमा प्रधानमन्त्रीपछि सबैभन्दा बढी रोजाइमा पर्ने आकर्षक पद हो गृहमन्त्री । गृहमन्त्रीकै विषयमा कुरा नमिल्दा बेलाबेला सत्ता समीकरण नै धरापमा परेका उदाहरण पनि छन् । २०४८ साल यताको अवधि हेर्ने हो भने गृहमन्त्री भएका पुगेका ६ जनालाई फौजदारी मुद्दा लागेको छ ।

रवि लामिछाने यसको पछिल्ला पात्र हुन् । २०७९ को आमनिर्वाचनअघि पार्टी खोलेर पहिलोपल्ट सांसद बनेका उनी दुई वर्षमा दुईपटक गृहमन्त्री बन्न सफल भए । पहिलोपटक गृहमन्त्री हुँदा ३२ दिनमा पद गुम्यो । त्यतिखेर उनले लिएको नागरिकता नै अवैध ठहरिएको थियो । सर्वोच्च अदालतको आदेशमा उनले सांसद र मन्त्री पद मात्र गुमाए । उनकै लागि उपनिर्वाचनसमेत गर्नुपर्ने अवस्था आयो । आफू गृहमन्त्रीबाट हट्नुपरेपछि उनले पार्टीका अरु मन्त्रीहरूलाई समेत सरकारबाट फिर्ता डाके । दोहोरिएर चुनाव जिते । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कांग्रेसको साथ छाडेर एमालेसँग गठबन्धन गरेपछि रविले फेरि गृह मन्त्रालय नै पाए । अहिले रवि फौजदारी मुद्दाको अनुसन्धानमा प्रहरी हिरासत पुग्नुपरेको छ ।

रविविरुद्ध अदालतमा मुद्दा दायर भइसकेको छैन । उनलाई पोखराको सूर्यदर्शन सहकारी गठी प्रकरणमा अनुसन्धानका लागि मात्र हिरासतमा लिइएको हो । सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा मुद्दा चलाउने गरी उनलाई पक्राउ गरिएको हो । उनका व्यावसायिक साझेदार छविलाल जोशी बन्जाडे यही प्रकरणमा २७ दिनदेखि हिरासतमै छन् । रविविरुद्ध मुद्दा चले फौजदारी अभियोगको सामना गर्ने छैठौँ गृहमन्त्री बन्नेछन् । रविले आफूमाथिको आरोप अस्वीकार गर्दै आएका छन् । रविले आफूलाई केपी ओली नेतृत्वको सरकारले फसाएको आरोप लगाएका छन् । तर रविलाई फसाउन पार्टीकै नेताहरु पनि लागेको चर्चा चल्दै आएको छ । पार्टीकै केही नेताहरु रविलाई जेल पठाउन सके आफूहरु नेतृत्वमा पुग्न सफल भइने बताउँदै आएका छन् ।

यसअघि गोविन्दराज जोशी, खुमबहादुर खड्का, विजयकुमार गच्छदार, कृष्णबहादुर महरा र बालकृष्ण खाणले विभिन्न फौजदारी अभियोग सामना गरिसकेका गरिसकेका छन् । खुमबहादुर खड्का सर्वोच्च अदालतबाटै भ्रष्टाचार मुद्दामा दोषी ठहर भई कैद सजायसमेत भुक्तान गरेका थिए । कैद काटिसकेपछि उनी पुनः पार्टी राजनीतिमा फर्किएका थिए । हाल उनको निधन भइसकेको छ । उनी २०५२ असोज ५ देखि २०५३ फागुन २८ सम्म पहिलो कार्यकाल र २०५४ मंसिर १८ देखि २०५५ वैशाख ७ गतेसम्म दोस्रो कार्यकाल गृहमन्त्री भएका थिए ।

कांग्रेसकै अर्का नेता तथा पूर्वगृहमन्त्री गोविन्दराज जोशीलाई पनि सर्वोच्च अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गरिसकेको छ । साउन १३ गते उनलाई ६९ लाख १५ हजार रुपैयाँ जरिवाना र ९ महिना कैदको सजाय सुनाइएको छ । जोशी २०५५ वैशाख ८ देखि २०५६ असार १५ गतेसम्म गृहमन्त्री थिए ।

थोरै समय गृहमन्त्री भएका पूर्वसभामुख कृष्णबहादुर महराले जबर्जस्तीकरणी उद्योग (प्रयास) को अभियोग खेप्नुपरेको थियो । २०७६ असोज १९ मा पक्राउ परेका उनी २०७६ फागुन ५ गते जिल्ला अदालतबाट सफाइ पाएर रिहा भएका थिए । मुद्दामा पीडितले बयान बदलेका कारण सफाइ पाएकाले फैसलासमेत विवादित बनेको थियो ।

तर, महरालाई गम्भीर प्रकृतिका आरोप अरु पनि छन् । सुन तस्करी प्रकरणमा पनि उनी २०८० चैत ५ गते पक्राउ परेका थिए । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धाज ब्युरो (सिआइबी)ले बयान पूरा भएपछि चैत ९ गते हाजिरी जमानीमा छाडेको हो । अर्का गृहमन्त्री बालकृष्ण खाणले नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहमा सामेल भएको गम्भीर अभियोग खेपे । मुद्दा अहिले पनि विचाराधीन नै छ । २०८० वैशाख २७ गते पक्राउ परेका उनलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएको थियो । उच्च अदालत पाटनको आदेशमा उनी २०८० मंसिर २८ गते ३० लाख रुपैयाँ धरौटी तिरेर रिहा भए ।

अर्का पात्र विजयकुमार गच्छदार बालुवाटारको ललिता निवास जग्गा घोटाला प्रकरणमा मुद्दा धाइरहेका छन् । तर उनी यस्ता भाग्यमानी मा पर्छन्, यस्तो गम्भीर अभियोग लाग्दा पनि एक दिन थुनामा बस्नुपरेको छैन । उनी राजनीतिक व्यक्तित्व भएकै कारण विशेष अदालतले ललिता निवास प्रकरणमा दोषी नहुने फैसला गरिसकेको छ । तर, लिखतसम्बन्धी कसुर (किर्ते)सम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा अझै विचाराधीन छ । भ्रष्टाचार मुद्दामा पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ ।

## के मधेश सरकारबाट जनमत बाहिरिँदैछ ?



मधेशदृष्टि
जनकपुरधाम ।
मधेश प्रदेश सरकारको मुख्यमन्त्रीमा जनमत पार्टीका सतिश कुमार सिंह छन् । उनलाई मुख्यमन्त्री बनाउन जनमत पार्टीले उपेन्द्र यादवको जसपा नेपालले जस्तै कांग्रेस एमाले गठबन्धन सरकारलाई समर्थन गरेको थियो । मधेशमा मधेशवादी दललाई नै सरकार बनाउन दिने कांग्रेस एमाले गठबन्धनको निर्णयमा आफ्नो सात वर्षको सत्ता कायम रहन्छ कि भनेर उपेन्द्र यादवले नयाँ गठबन्धनलाई काँध हाले । उनलाई आफ्नो पार्टी फुटाइदिएकामा तत्कालीन प्रधानमन्त्री र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग आक्रोश पनि थियो । यसैले उनले नयाँ गठबन्धनलाई सहयोग गरे । तर दुःखको कुरा, उपेन्द्र यादवका लागि मधेश प्रदेश सत्ता पनि हाता लागेन र केन्द्र सरकारमा पनि उनकै पार्टी फुटाएर बनेको जसपाका दुई मन्त्री छन् । अहिलेसम्म उनको पार्टीको आधिकारिक अपडेटसमेत निर्वाचन आयोगले गरेको छैन । उनको पार्टी विभाजनबारे परेको मुद्दा पनि विचाराधीन छ ।

केन्द्रमा केपी शर्मा ओली नेतृत्वको सरकारमा फुटेको जसपाका दुई मन्त्री छन् प्रदीप यादव र नवलकिशोर साह सुड्डी । यादव स्वास्थ्यमन्त्रीबाट खानेपानी मन्त्रीमा सारिएका हुन् भने सुड्डी महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री छन् । पछिल्लो तीन महिनामा सुड्डी मन्त्री छन् भन्ने त समाचार पनि आउँदैन, जनताले राम्ररी चिनेका पनि छैनन् । केन्द्रमा अशोक राई पक्षधर जसपाकै हालिमुहाली भएपछि उपेन्द्र यादवले मधेश प्रदेश सरकारमा आफ्नो सत्ता फर्काउन आग्रह गरेका थिए । तर प्रधानमन्त्री ओली उपेन्द्र यादवसँग पनि खुशी थिएनन् । यसैले कांग्रेसले भन्दा प्रधानमन्त्रीले आफ्नै कार्यकालमा जसपा नेपाललाई सरकारमा समेट्न र अहिले मधेशमा

*बाँकी पृष्ठ २ मा*

## पति र दुई किशोर मिलेर सामुहिक बलात्कार

**मधेशदृष्टि**
**हेटौंडा ।**
मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर ५० वर्षीया महिला पति र अपरिचित अरु दुई किशोरबाट सामूहिक बलात्कारमा परेको घटना बाहिर आएको छ ।

महिलाले कात्तिक १ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा दिएको उजुरीको आधारमा पति पक्राउ परे पनि अरु दुई संलग्न फरार छन् ।

असोज ३० गते घरम उनीमाथि पति र दुई किशोरले सामूहिक बलात्कार गरेको उजुरी परेको मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए । पीडितले ६० वर्षीय पति र १९ र २० वर्षका दुई युवाले सामूहिक बलात्कार गरेको उजुरी गरेकी हुन् ।



उनलाई हेटौंडाको सेफ हाउसमा राखिएको छ । पक्राउ परेका पतिलाई जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी अनुसन्धान जारी छ भने आरोपित दुई युवाको खोजीमा प्रहरी जुटेको छ । महिलाले ३ वर्षअघि मात्रै दोस्रो विवाह गरेकी हुन् ।

भावपूर्ण श्रद्धाञ्जली



स्व. शकुन्तला देवी खन्डेलवाल

कर्पोरेट डेभलपमेन्ट बैंक लि.का संचालक श्री विनोद कुमार खन्डेलवालज्यूको ममतामयी माता **श्रीमती शकुन्तला देवी खन्डेलवाल** ज्यूको ९२ बर्षको उमेरमा असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दु:खद घडीमा शोक सन्तप्त परिवाजनमा धैर्य धारण गर्ने शक्ति परमपिता परमेश्वरले प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड परिवार
प्रधान कार्यालय: गीता मंदिर रोड, वीरगंज, पर्सा
सम्पर्क नं.: ०५१-५३१०३१

# मौलापुरमा विकास निर्माणको काम जारी

बडादशैँलगायत हिन्दूहरूको बिभिन्न चाडपर्वका अवसरमा सरकारी कार्यालयमा प्रायः बिदा हुन्छ र कर्मचारी आआफ्नो घरपरिवारमा समय दिन जान्छन् । तर मौलापुर नगरपालिकामा भन्ने त्यसको ठीक विपरीत अर्थात तिहारका बीचमा पनि भौतिक पूर्वाधार विकास निर्माणका कार्य जारी रहेको छ । मेयर रीना कुमारी साहको सक्रियता तथा निर्देशनमा मौलापुर नगरक्षेत्रअन्तर्गत विभिन्न ७ वटा योजनाको काम भइरहेको छ । मौलापुर–५ स्थित ब्रह्मस्थानको मन्दिर निर्माणपश्चात कम्पाउन्ड वाल निर्माण कार्य जारी रहेको छ । वडा नम्बर ७ पिपरियास्थित स्वास्थ्य चौकी भवनको थप कार्यहरू अन्तिम चरणमा पुगेको, वडा नम्बर ६ पथरा बुधाराम स्वास्थ्य चौकीको दोस्रो तलाको छत ढलान कार्य सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए ।

त्यस्तै वडा नम्बर ३ स्थित गम्हरिया माविको दोस्रो तला छत ढलानको लागि तयारी गरिँदै आएको अवस्था छ, वडा नम्बर ६ पथरा बुधरा बुधराम माविको चारकोठे भवन निर्माण भएको छ भने विभिन्न सडक मर्मत सम्भारका लागि निरीक्षण भइरहेको प्रमुख प्रशासकीय अधिकृत साहले जानकारी दिए । मौलापुर नगरपालिकामा मेयरका रुपमा दोस्रो पटक रिना कुमारी साहले जिम्मेवारी सम्हालेपछि निःशुल्क, बिजुली, पानी, मालपोत निःशुल्क, किसानलाई सहुलियत दरमा मलखाद तथा उन्नत जातको बीउबिजन निःशुल्क वितरण हुँदै आएको छ । सिंगो मधेश प्रदेशमै उत्कृष्ट काम गरेर मौलापुरले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ ।

# एमालेप्रति आकर्षण

रौतहटमा विभिन्न दल परित्याग गरी २ सय ५० भन्दा बढी नेताकार्यकर्ता नेकपा एमालेमा प्रवेश गरेका छन् । बडादशैँ, दीपावलीको अवसरमा स्थानीय गढ़ीमाइ नेकपा एमाले नगर कमिटीद्वारा बिनगरा गाउँमा आयोजित शुभकामना आदानप्रदान तथा पार्टी प्रवेश कार्यक्रममा उनीहरू विभिन्न दल परित्याग गरी एमालेमा प्रवेश गरेका हुन् । जनता समाजवादी पार्टीकी महिला नेत्री पूर्ववडाअध्यक्षपत्नी जिउति देवी यादवको नेतृत्वमा २ सय ५० भन्दा बढी नेता कार्यकर्ता विभिन्न पार्टी परित्याग गरी एमाले पार्टीमा प्रवेश गरेका हुन् ।

नवप्रवेशीलाई एमाले पार्टीका केन्द्रीय सदस्य तथा मधेश प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठले टिका लगाएर स्वागत गरे ।

कार्यक्रममा प्रदेश इन्चार्ज श्रेष्ठ, पार्टी केन्द्रीय सदस्य तथा रौतहट इन्चार्ज अजय कुमार गुप्ता, केन्द्रीय सदस्य उद्धव रेग्मी, केन्द्रीय सदस्य कुन्दन कुशवाहा, केन्द्रीय सदस्य रेखा झा, संघीय सांसद बिना साह, पार्टी जिल्ला अध्यक्ष सचिदानन्द साह, गरुडाका मेयर कन्थमणि जैसवाल, जिल्ला सदस्य श्यामाकान्त यादवलगायतका नेताकार्यकर्ताको सहभागिता रहेको कटहरिया–४ का वडाअध्यक्ष तथा युवानेता चन्दन कुशवाहाले बताए ।

# एमाले नेता कुशवाहा सम्मानित

नेकपा एमालेका युवानेता तथा कटहरिया नगरपालिका वडा–४ का अध्यक्ष चन्दन कुशवाहा शनिबार सम्मानित भएका छन् । नेपाल युवा लिग डेभलपमेन्ट सेन्टरको आयोजना लायन्स क्लब अफ चन्द्रपुर, लायन्स क्लब अफ काठमाडौं मिथिला सिटीको सहकार्यमा कटहरिया–२ जमुनिया बजारमा भएको कार्यक्रममा युवा नेता तथा वडा अध्यक्ष कुशवाहालाई सम्मान गरिएको हो । दोस्रोपटक वडाअध्यक्षको जिम्मेवारीमा रहेर सामाजिक हित र कल्याणका निमित निस्वार्थरूपले गरेको कामको उच्च मूल्यांकन गर्दै लायन्स क्लब चन्द्रपुरका अध्यक्ष वसीम अख्तर र नेपाल युवा लिग डेभलपमेन्ट सेन्टरका अध्यक्ष रिजवान बढइले संयुक्तरूपमा नेता कुशवाहालाई कदरपत्रबाट सम्मानित गरे । कुशवाहा २०७४ को स्थानीय निर्वाचनमा नेकपा माओवादी केन्द्रको टिकटबाट र २०७९ को निर्वाचनमा नेकपा एमालेको टिकटबाट कटहरिया नगरपालिका–४ को वडाअध्यक्षमा निर्वाचित भएका थिए । उनी निर्वाचित भएदेखि नै युवा तथा जनचाहनाअनुसारको विकास निर्माणको काम गर्दै आएका छन् ।

# गढोबासीले दोस्रोपटक पाए राहत

माधवनारायण नगरपालिका–९ गढोबासीले दोस्रोपटक राहत पाएका छन् । नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्णप्रसाद यादव र माधवनारायणका मेयर बैजनाथ प्रसाद यादवको पहलमा गढोबासिले शनिबार राहत सामग्री पाएका हुन् ।

नेपाल भारत मैत्री युवा संघको सहयोगमा २ सय १० जना बाढीप्रभावित परिवारलाई खाद्यान्न सामग्री वितरण गरिएको मेयर यादवले बताए ।

यसअघि आरडिसी नेपालको सहयोगमा गढोका २ सय परिवारलाई खाद्यान्न सामग्री वितरण गरिएको थियो । राहत वितरण कार्यक्रममा मेयर यादवले माधवनारायणलाई सरकारले बाढीसङ्कटग्रस्त क्षेत्र घोषणा नगरेकामा असन्तुष्टि जनाए । उनले माधवनारायणलाई विपद्संकटग्रस्त क्षेत्र घोषणा गराउन पहल गर्न ध्यानाकर्षण गराए । असोज १२ गते आएको बाढीले माधवनारायण नगरपालिकासमेत प्रभावित भएको थियो ।

# आठजना सडकआश्रित मानवको उद्धार

**सिरहा ।**
मेची–महाकाली राष्ट्रिय उद्धार यात्राको छैटौँ दिन शनिनबार सिरहाका विभिन्न ठाउँबाट आठजना सडकआश्रित सहयोगापेक्षी मानवको उद्धार गरिएको छ । लहानबाट चार पुरुष र एक महिला, गोलबजारबाट एक पुरुष र एक महिला तथा मिर्चैयाबाट एक पुरुष गरी आठजनाको उद्धार गरिएको मानवसेवा आश्रमका महासचिव सुमन बर्तौलाले जानकारी दिए ।

'यो पटकको चाडपर्वमा, कसैले बस्न नपरोस् सडकपेटीमा' भन्दै मानवसेवा आश्रम र आनी छोइङ डोल्मा फाउन्डेसनको संयुक्त आयोजनामा यात्रा शुरु भएको हो । टोलीमा सहभागी आश्रमका महासचिव बर्तौलाका अनुसार सडकपेटीबाट उद्धार गरिएका व्यक्तिलाई सर्लाही सेवा केन्द्रमा पठाइएको छ ।महासचिव बर्तौलाले उद्धार टोलीले कोशी प्रदेशमा झापाबाट १२, सुनसरीबाट १२, मोरङबाट चार र उदयपुरबाट १६ गरी ४३ को उद्धार गरिएको बताए । उद्धार हुनेहरूमा नौ महिला र ३५ पुरुष छन् ।

यसैगरी, सप्तरीबाट दुई महिला र ११ पुरुष गरी १३ जनाको उद्धार गरिएको छ । असोज २६ गते विजयादशमीका दिन प्रधानमन्त्री केपी शर्मा ओलीले यात्रा उद्घाटन गरेका थिए । ३२ दिने मेची महाकाली राष्ट्रिय उद्धार यात्रा कात्तिक २७ गतेसम्म चल्नेछ ।

# चाडपर्वका बेला घटेनन् विदेशिने



**काठमाडौं ।**
चाडपर्वका बेला पनि वैदेशिक रोजगारीमा जानेहरूको संख्या निरन्तर बढिरहेको छ । वैदेशिक रोजगार विभागका अनुसार असोजमा श्रम स्वीकृति लिएर ५३ हजार पाँच सय २५ जना विदेशिएका छन् ।

असोजमा १७ हजार सात सय २४ नेपाली संयुक्त अरब इमिरेट्स, १० हजार चार सय ६८ जना साउदी, नौ हजार सात सय ९८ जना कतारमा, तीन हजार आठ सय सात जना कुबेत र एक हजार तीन सय १४ जना मलेसिया गएका छन् ।

यसैगरी, असोजमा युरोपेली मुलुक रोमानिया क्रोएसिया, साइप्रस, माल्टा र पोर्चुगल जानेको संख्यामा पनि वृद्धि भएको छ । भदौमा ५७ हजार चार सय ९३ नेपाली रोजगारीका लागि विदेशिएका थिए । रासस

# रोकिइराखेको बसमा आगलागी



ललितपुर ।
सातदोबाटोमा रोकेर राखिएको सार्वजनिक बसमा आगलागी भएको छ । ललितपुर महानगरपालिका–१५ सातदोबाटो चोक नजिक रोकेर राखेको अवस्थामा शनिबार अपराह्न चक्रपथमा चल्ने महानगर यातायातको बा४ख १०६ नम्बरको बसमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय ललितपुरका सूचना अधिकारी तथा प्रहरी उपरीक्षक रवरत्न पौडेलले दिए ।

सातदोबाटोबाट ग्वार्को जाँदै गरेको बस 'बस पाकेट'मा रोकेर राखिएको अवस्थामा अचानक तार 'सट' भई आगलागी भएको उनले जानकारी दिए । बसमा आगलागी भएको खबर प्राप्त हुनासाथ प्रहरी टोली र ललितपुर महानगरपालिकाका दुई वटा दमकल प्रयोग गरेर आगो निभाइएको थियो । आगलागीबाट बस पूर्ण रूपमा क्षति भएको छ ।

# नयाँ बस्तीमा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
फ्रेन्डस् क्लब अफ वीरगंजले वीरगंज महानगरपालिका वडा नम्बर २४ स्थित नयाँ बस्तीमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ ।

स्वच्छ वातावरण र हरियाली बनाउने उदेशयले नयाँ बस्तीमा वृक्षरोपण कार्यक्रमको आयोजनना गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वृक्षारोपण कार्यक्रमले महानगरले परिकल्पना गरेको हरित शहर बन्नमा सहयोग पु¥याउने बताए । स्वच्छ वातावरणले नै मानिसहरु स्वस्थ रहन सक्ने भन्दै स्थानीय समुदायमा वातावरणीय चेतना जागरूकका लागि आगामी दिनमा यस्ता प्रकारका कार्यक्रमहरु गर्ने फ्रेन्डस् क्लब अफ वीरगंजले जनाएको छ । क्लबका सदस्य सन्दीप चौरसियाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा वीरगंज महानगरका नगर प्रमुख राजेशमान सिंह, वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष सुबोध गुप्ता, हरेन्द्र चौरसिया र स्थानीय बासिन्दा लगायतको उपस्थिति थियो ।

# 'सार्वजनिक जीवनमा महिला' फोटो प्रदर्शनी हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पिक्चर लाइब्रेरीले आफ्नो फोटो प्रदर्शनी 'सार्वजनिक जीवनमा महिलाः महिलावादी स्मृतिको एक पहल' को देशव्यापी यात्रा शुरू गर्न लागेको छ । 'सार्वजनिक जीवनमा महिलाः महिलावादी स्मृतिको एक पहल' नेपाल पिक्चर लाइब्रेरीको परियोजना हो, जसले नेपालको महिलावादी इतिहासलाई समृद्ध बनाउन योगदान पु¥याउँदै आएको छ । यस परियोजनाको उद्देश्य दृश्य अभिलेख, मौखिक इतिहास र सामुदायिक संलग्नतामार्फत नेपालको महिलावादी इतिहासलाई संरक्षण र प्रसार गर्नु हो ।

परियोजना २०७५ सालमा नेपाल पिक्चर लाइब्रेरीको दस्तावेज र अभिलेख सृजनाको पहलबाट शुरु भएको हो र २०८० सालमा पुस्तकका रूपमा पनि प्रकाशित भएको थियो । यो प्रदर्शनीले अहिलेसम्म काठमाडौ (नेपाल), नयाँदिल्ली (भारत), कोची (भारत), इस्तानबलु (टर्की), सिंगापुर र ब्रेडा (नेदरल्याण्ड) लगायतका विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्थानहरूमा यात्रा गरिसकेको छ । परियोजनाको मुख्य उद्देश्य दृश्य अभिलेख, मौखिक इतिहास र सामदायिक संलग्नतामार्फत नेपालको महिलावादी इतिहासलाई संरक्षण र प्रसार गर्नु हो । प्रदर्शनीले नेपालका महिलाको सार्वजनिक जीवनमा रहेको योगदान उजागर गर्दै नेपाली समाजमा उनीहरूको ऐतिहासिक महत्त्वलाई स्थापित गर्न चाहन्छ ।

आयोजकका अनुसार देशव्यापी यात्राको पहिलो चरणमा वीरगंज र जनकपुरमा फोटो प्रदर्शनी हुनेछ ।

वीरगंजको बिर्तामा रहेको त्रिजुद्ध महावीर प्रसाद रघुवीर राम माध्यमिक विद्यालयमा कात्तिक २, ३, र ४ गते हुँदैछ भने जनकपुरको तिरहुतिया गाछीमा ८, ९ र १० गते हुँदैछ ।

# के मधेश सरकारबाट जनमत...

जनमत र केन्द्रमा जसपा मात्रै राख्ने भनेपछि कांग्रेस मौन रह्यो, उपेन्द्रका लागि केन्द्र र प्रदेश सरकार दुवै टाढाको विषय बन्यो ।

यसरी मधेशमा उपेन्द्र यादवको विकल्पमा तयार भएको जनमत पार्टीको प्रदेश सरकार बीचमै संकटमा परेको थियो । अर्थमन्त्री कांग्रेसलाई दिन मुख्यमन्त्री सिंह तयार नभएपछि कांग्रेसले आफ्नै नेतृत्वमा सरकार बनाउने भनेपछि हतारमा जनमत अर्थमन्त्री कांग्रेसलाई बुझाएर मधेश सरकारको नेतृत्वमा स्थायी भएको हो । तर सरकार बनाएको तीन महिनामै गठबन्धनमा रहेको जनमत पार्टीका अध्यक्ष डा.सिके राउत गठबन्धनप्रति असन्तुष्टि जनाइरहेका छन् । हुँदाहुँदा उनले रास्वपाका सभापति रवि लामिछानेलाई पक्राउ गरेको प्रकरणमा मुख खोलेनन् मात्र, सत्ता गठबन्धनको चर्को विरोध पनि गरे । उनले 'फ्रेमिङ' गरेरै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् पूर्वगृहमन्त्री रवि लामिछानेलाई पक्राउ गरिएको दाबी गरे ।

लामिछाने पक्राउ परेपछि अध्यक्ष राउतले आफ्नो फेसबुकमा लेखेका छन्, '२१ सिट भएको नयाँ–राष्ट्रिय पार्टीका सभापति रविजीको अहिलेको पक्राउलाई म प्रतिशोध र निषेधको राजनीतिको अलावा केही भन्न सक्दिनँ ।' आफूहरूको बीचमा धरातल र कैयन एजेन्डा फरक होला, कतिपय ठाउँमा विपरीत धारमा पनि उभिएको उल्लेख गर्दै अध्यक्ष राउतले लोकतन्त्रमा प्रतिशोध र निषेधको राजनीति हुनुहुँदैन भन्नेमा आफूहरूको एकमत रहेको उल्लेख गरे । सुनौलो भविष्य बोकेको कोपिलालाई निमोठिएको हो, भावी पुस्ताको स्वर्णिम भविष्यलाई भ्रुणमै हत्या गर्न खोजिएको उल्लेख गर्दै उनले यो पक्राऊ राज्यद्वारा 'फ्रेमिङ्ग' गरिएको दाबी गरे । पछिल्लो दशकमा सरकारद्वारा ऐन कानूनको दुरुपयोगबाट सर्वाधिक दमनको सिकार आफू भएको बताउँदै अध्यक्ष राउतले दुई दर्जनभन्दा बढी पटक हिरासत–जेल जानु परेको दाबी गरे । उनले भने, 'यहाँको ऐन कानून नै त्यस्तै छ कि राज्यले चाहेमा सडकमा हिँडिरहेको होस् कि घरमै सुतिरहेको जोसुकै, जस्तो सुकै निर्दोषलाई समातेर २५–५० दिन त अनुसन्धानका नाममा त्यस्तै हिरासतमा राखिदिन सक्छ र अदालतले पछि उनलाई जतिसुकै निर्दोष साबित गरे पनि राज्यले कुनै माफीसमेत माग्नु पर्दैन ।' सरकारमा बस्ने पार्टी र शीर्षनेता तथा राज्य चलाउनेहरू कानूनको दुरुपयोग गरेको आरोप लगाउँदै उनले शीर्ष नेताहरूले आफ्नो वा आफ्नो पार्टीको विरोध गर्नेलाई तह लगाउन, आफ्नो पार्टीमा जबर्जस्त प्रवेश गराउन, अनुचित आर्थिक असुली गर्न त्यसको प्रयोग हतियारको रूपमा गर्दै आएको दाबी गरे । एउटा निमुखा, गरिब आम मानिसको त हत्या हुँदा समेत प्रहरीले उजुरी दर्ता गर्न नमानिराखेको पनि उनको दाबी छ । राउतको यति ठूलो मन दुखाइ प्रकट भएपछि उनलाई अब मधेश प्रदेश सरकारको मोह पनि सकिएको आभाष गरिँदैछ । कुनै एउटा मुद्दामा समातिएका रवि लामिछानेप्रति उनको अगाध स्नेह र चिन्ताले संकेत गर्दैछ कि मधेश प्रदेश सरकारबाट जनमतको बिदाइको दिन नजिकिएको छ । वश, कांग्रेस एमाले यसमा लय मिलाउँदैछन्, जनमतले सरकार एकलौटी चलाएको, मधेशमा विवादैविवाद खडा गरेको, सरकारका विवादित कामका कारण एमाले–कांग्रेसका मन्त्रीहरुले प्रदेश सरकारको गरिमा र स्वामित्व ग्रहण गर्न नसकेको भनेर छलफल सतहमै पुगेको छ । यसमा पार्टीका केन्द्रीय अध्यक्षले नै केन्द्र सरकार र गठबन्धनप्रति यसरी खुलेर फेसबुकमा लेखेपछि छोटै समयमा जनमत प्रदेश सरकारबाट बाहिरिने अनुमान गरिँदैछ ।








**छठको किनमेल:** धनुषाको विदेह नगरपालिका–६ तिनकैरिया चोक बजारमा छठ पूजामा प्रसाद सामग्री राख्न प्रयोग गरिने नाङ्लो र डालो किनमेल गर्दै स्थानीय । तस्बिर: चन्द्रदेव साह/रासस




**दीपावली र छठमा 'चङेरा':** दीपावली र छठमा पूजा र प्रसाद सामग्री राख्न प्रयोग गरिने बाँसको चोया र कप्टेराबाट बनेका चङेरा । शनिबार एकाबिहानै बर्दिबास–१४ स्थित साप्ताहिक हटियानजिक सडक पेटीमा आफूले बुनेका चङेरा पुछपाछ गरेर बिक्रीका लागि राख्न थाक मिलाउँदै बर्दिबास–१ का भोगेन्द्र मरिक र कोशिला मरिक डोम दम्पति । तस्बिरः गोपालप्रसाद बराल/रासस

# मधेशमा जसपा नयाँ शक्तिको रुपमा उदाउने मन्त्रीको दाबी




**मधेशदृष्टि**
**कलैया ।**
जनता समाजवादी पार्टीका उपमहासचिव एवम् खानेपानी मन्त्री प्रदिप यादवले पारदर्शिता, जबाफदेही र जनउत्तरदायीपूर्ण भएर जनपक्षिय कामहरु गर्दै मधेशमा जसपा नयाँशक्तिको रुपमा उदाउने दाबी गरेका छन् ।

बाराको कलैयामा शनिबार अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी(जसपा)को घोषणा सभालाई उद्घाटन गर्दै मन्त्री यादवले उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले मधेश र मधेशी जनतालाई धोका दिएपछि सो पार्टीबाट बहुमत सदस्यहरु अलग्गिएर जनता समाजवादी पार्टी स्थापना गरेको बताए । मधेशमा खानेपानीको समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री यादवले मधेशमा स्वास्थ्य, शिक्षा, विकाश निर्माण, कृषि पर्यटन उद्योगको समग्र विकासका लागि सरकारले ठोस कार्ययोजना बनाइरहेको समेत जानकारी गराए ।

कार्यक्रममा जसपाका केन्द्रिय सदस्य एवम् वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले मधेश सधै विभेदमा परेको र मधेशलाई अधिकार सम्पन्न बनाउने काम अझै बाँकी रहेको बताए । घोषण सभामा अजय पटेलको नेतृत्वमा ४१ सदस्यीय जिल्ला कार्य समिति घोषणा गरिएको थियो । कार्यक्रममा जसपका केन्द्रीय सदस्यहरू मोहन चौधरी, प्रमोद गुप्ता, पारस साह र जर्नादन यादव लगायत पार्टीका नेताहरू प्रेमबाबु पटेल, उमेशलाल सहनी, जिल्ला समन्वय समिति पर्साका सभापति निरन्जन सोनार, पर्साको बहुदरमाई नगरपालिकाका प्रमुख सिंगासन साह तेली, जसपा वीरगंज महानगर कमिटि अध्यक्ष ईश्वर यादव लगायतको सहभागिता रहेको थियो ।

# मन्त्रीद्वारा गढीमाई मन्दिरको निरीक्षण

खानेपानी मन्त्री प्रदीप यादवले बाराको महागढीमाई नगरपालिकाको बरियारपुरस्थित गढीमाई मन्दिरको स्थलगत निरीक्षण गरेका छन् । आगामी मंसिरमा लाग्ने विश्वप्रसीद्ध पञ्चवर्षिय गढीमाई मेला तयारीको अवलोकन गर्न शनिबार बिहान खानेपानी मन्त्री यादव मन्दिर पुगेका थिए । उनले गढीमाई मेलामा आउने दर्शनार्थी र भक्तजनहरुका लागि शुद्ध खानेपानीको प्रबन्ध मिलाउन मन्त्रालयका कर्मचारीहरुलाई निर्देशन दिए । उनले मेलाको तयारी बारे मेला मूल आयोजक समिति र मन्दिर सञ्चालन समितिका पदाधिकारीहरुसँग जानकारी लिए ।

निरीक्षणमा बारा क्षेत्र नम्बर ४ का प्रतिनिधी सभा सदस्य कृष्ण बहादुर श्रेष्ठ(किसान), पूर्व सांसद प्रमोद गुप्ता, गढीमाई मेला मूल आयोजक समितिका अध्यक्ष तथा महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादव, जीतपुरसिमरा उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मालगायतको सहभागिता रहेको थियो ।

# छुट्टा छुट्टै कार्यक्रममा १ सय १८ जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको दुई छुट्टा छुट्टै स्थानमा शनिबार आयोजित रक्तदान कार्यक्रममा १ सय १८ जनाले रक्तदान गरेका छन् ।

वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डक र वडा नम्बर २१ परवानीपुरको चोर्नीमा आयोजित रक्तदान कार्यक्रममा दुई जना महिलासहित १ सय १८ जनाले रक्तदान गरेका हुन् । गण्डक चोकमा न्यू राव ईन्टरप्राइजेजले आयोजना गरेको रक्तदान कार्यक्रममा १ महिलासहित ८४ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा रामसिंह पटेल, दिपक साह कानु, चन्दन पासवान, रमेश कुमार केसी, राजु साह कानु, अजय साह लगायतकाले रक्तदान गरेको नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाका युवा संयोजक अभिलाष गुप्ताले जानकारी दिए ।

यसैगरी वीरगंज– २१ परवानीपुरको चोर्नीमा दृष्टि युवा क्लबले आफनो पहिलो वार्षिकोत्सवका अवसरमा आयोजना गरेको कार्यक्रममा १ महिलासहित ३४ जनाले रक्तदान गरेका हुन् । कार्यक्रममा सुधिर पटेल, बलिराम राम, रामनरेश महतो, राजु मन्डल, कृष्ण कुमार पटेल, प्रधुमन मन्डल, रामदरश पण्डित लगायतले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

# लोप हुँदै मखानखेती



**मधेशदृष्टि**
**जलेश्वर ।**
मखानखेतीका लागि उर्वर भूमि मानिएको महोत्तरीमा मखानखेती लोप हुँदै गएको छ ।

कुनै बेला मिथिला क्षेत्रकै आम्दानीको स्रोत मानिएको मखानखेती लोप हुन थालेको जलेश्वर नगरपालिका–१ का किसान विजय मुखियाले बताए । किसानहरुले आम्दानीका लागि पोखरीमा माछापालन गर्न थालेपछि मखानखेती लोप हुन थालेको उनको भनाइ छ । जिल्लामा चाडबाड, पूजाआजा, विवाह व्रतबन्धजस्ता शुभकार्य होस् या मृत्यु र श्राद्ध कर्ममा समेत मिथिलामा मखानको प्रयोग हुने गर्दछ । मखान आयआर्जनको माध्यमसँगै मिथिलाको संस्कृति जोगाउने उपक्रम र परम्परागत पुख्र्यौली पेसा पनि रहेको जलेश्वर नगरपालिका–५ का सांस्कृतिविद् धुरव राय बताउँछन् । मीठो खाद्य पदार्थका रुपमा रहेको मखान भारतबाट समेत आयात हुने गर्छ ।

मखानखेती घटेसँगै खासगरी मलाह जातिको रोजगारी घट्दै गएको मलाह जातिका अगुवा राम विशेष मुखिया बताउँछन् । केही वर्ष अघिसम्म मखानको बजार राम्रो भएपछि उनीहरुले मखानखेती गरी आम्दानी लिन थालेका थिए । तर किसानहरुले पोखरीमा माछापालन गर्न थालेपछि सो खेती लोप हुन थालेको स्थानीय जोगी मुखियाले बताए । विशेषगरी पोखरी र तलाउमा गरिने मखानखेती सुरुमा मेहनत र खर्च गर्नु परे पनि पछि थोरै मेहनतमा आय आर्जन गर्न सकिने खेती हो । मलाह जातिहरु मखानखेतीतर्फ बढी आकर्षित थिए । पोखरीभित्र मखान तयार भएपछि उनीहरु बाहिर निकाली घाममा सुकाई आगोमा भँटेर लावा तयार गरी बेच्ने चलन थियो । जिल्लाको मटिहानी, सिमरदही, धिरापुर, आवर रामगोपालपुर, हरिहरपुर हरिनमरी र सदरमुकाम जलेश्वर नगरपालिकाका दर्जनौँ गाउँमा दुई सय ५० बढी पोखरीमा मखानखेती गरिन्थ्यो । हाल आएर थोरै संख्यामा मात्रै हुने गरेको स्थानीयवासी बताउँछन् । मिथिलामा कोजाग्रत पूर्णिमाका दिन ठूलो परिमाणमा मखान बिक्री हुने गर्दछ भने दीपावली र छठ पर्वलगायत मखानको विशेष महत्व हुने गर्दछ । रासस

# बागमती मनुष्मारा झाँझ सिँचाइ प्रणालीमा दुई करोडको क्षति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गत असोज ११, १२ र १३ गतेको अविरल वर्षासँगै आएको बाढीले बागमती मनुष्मारा झाँझ सिँचाइ कार्यालय अन्तर्गत करिब दुई करोड रुपैयाँ बराबरको भौतिक क्षति भएको छ ।

साथै सिँचाइ प्रणालीमा पु¬याएको क्षतिका कारण सिँचाइको कार्यमा समस्या उत्पन्न भएको कार्यालय प्रमुख रामदुलारी शरण भगतले जानकारी दिए । बाढीले सो कार्यालयअन्र्तगत झाँझ सिँचाइ प्रणलीमा रहेका मूल नहर र शाखा नहरको (बैक) डिल र तटबन्ध कटान गरेको, विभिन्न स्थानमा नहर तोडफोर गरेको र नहरको गेट तथा हेडवक्र्समा क्षति पुऱ्याएको बताइएको छ ।

झाँझ नदीमा एक्कासी आएको बाढीले रौतहट जिल्लामा रहेको झाँझ सिँचाइ प्रणालीमा करिब दुई करोड मूल्य बराबरको भौतिकरुपमा क्षति पुगेको कार्यालयको प्रारम्भिक अनुमान छ । रौटहटको महम्मदपुर, शिवनगर, भेडियाही, देवाहीगुनाही तथा जयनगरलगायत ग्रामीण क्षेत्रमा बाढीले ठाउँठाउँमा भाँझ सिँचाइ प्रणालीको संरचना भत्काएको थियो । भाँझ सिँचाइ प्रणालीबाट चार हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउँदै आएको सो कार्यालयको सिँचाइ प्रणालीमा भएको क्षतिका सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी सो क्षतिबारे जानकारी दिएको हो । उक्त क्षतिग्रस्त संरचनाको मर्मत सम्भार तथा निमार्णमा ठूलो रकम लाग्ने उनले बताए ।

समयमा मर्मत नगरेमा त्यहाँ आउँदो हिउँदे बालीमा नहर सञ्चालन गर्न नसक्ने अवस्था रहेको प्रमुख भगतले बताए । उक्त कार्यालयअन्तर्गत सिँचाइ आयोजनाको निर्माण २०३९/४० बाट सुरु भई २०४४/४५ बाट कार्यान्वयनमा आएको बताइएको छ । कार्यालयअन्तर्गत सर्लाहीतर्फ हिरापुर ब्यारेज मनुष्कमारा सिँचाइ प्रणाली प्रथमबाट दुई हजार आठ सय हेक्टर तथा मानपुर ब्यारेज मनुष्मारा सिँचाइ प्रणाली दोस्रोबाट तीन हजार दुई सय हेक्टर गरी छ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउँदै आएको प्राप्त विवरणमा उल्लेख गरिएको छ । रौतहटतर्फ झाँझ सिँचाइ प्रणालीबाट चार हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याएको छ ।

अर्थात सर्लाही तथा रौतहटमा गरी कूल १० हजार हेक्टर जमिनमा सो कार्यालयबाट सिँचाइ सुविधा पु¥याउँदै आएको कार्यालयले जनाएको छ । सो आयोजनाबाट हाल ६० हजार मेट्रिकटनभन्दा बढी खाद्यान्न उत्पादन सुरु भएको कार्यालय प्रमुख भगतले जानकारी दिए । चालू आर्थिक वर्षमा सो कार्यालयको पुँजीगत खर्च ६ करोड तथा चालूगत खर्च एक करोड ११ लाख रुपैयाँ रहेको छ । रासस

# सुक्खाबन्दरगाहद्वारा तीन महिनामा १२ अर्ब ७५ करोड राजस्व सङ्कलन




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको तीन महिनाको अवधिमा १२ अर्ब ७५ करोड ७८ लाख २१ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले चालु आवको असोज मसान्तसम्मको अवधिमा कुल वार्षिक लक्ष्यको २१ दशमलव २५ प्रतिशत राजस्व सङ्कलन गरेको हो । सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा राजस्व सङ्कलन २५ करोड ८४ लाख ११ हजार रुपैयाँले कमी भएको बताए ।

'गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा सवारीसाधन र मदिराजन्य पदार्थको आयातमा गिरावट आएसँगै राजस्वमा प्रत्यक्ष असर पारेको देखिन्छ', उनले भने, 'चालु आवको दसैँमा पनि अपेक्षाकृत आयात बढ्न सकेन । जसले गर्दा राजस्वको लक्ष्य भेट्टाउन सकेन ।' कार्यालयले चालु आवको पहिलो महिना साउनमा मासिक लक्ष्यको ७९ दशमलव २८ प्रतिशत अर्थात तीन अर्ब ७५ करोड २२ लाख ११ हजार रुपैयाँ राजस्व सङ्कलन गऱ्यो । त्यस्तै चालु आवको दोस्रो महिना भदौमा मासिक लक्ष्यको ८८ दशमलव ५० प्रतिशत अर्थात चार अर्ब ६४ करोड १९ लाख एक हजार राजस्व सङ्कलन ग¥यो । त्यस्तै चालु आवको तेस्रो महिना अर्थात असोजमा भने मासिक लक्ष्यको ९० दशमलव ३१ प्रतिशत अर्थात चार अर्ब ३६ करोड ३७ लाख नौ हजार राजस्व सङ्कलन ग¥यो । सुक्खाबन्दरगाह भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षको असोज मसान्तसम्मको अवधिमा १३ अर्ब ११ करोड ६२ लाख ३२ हजार रुपैयाँ राजस्व सङ्कलन भएको थियो ।

सम्पादकीय

# भिडले होइन फैसला अदालतले गर्छ

*रवि लामिछाने दोस्रोपटक हिरासतमा पुगेका छन् । यसपटक उनलाई पोखराको सूर्यदर्शन सहकारी संस्थाको रकम अपचलन र संगठित अपराधको मुद्दामा अनुसन्धान हुँदैछ । उनी पक्राउ परिसकेका छन् । अब कास्की प्रहरीले कम्तीमा ६० दिन र बढीमा ९० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न सक्नेछ ।*

*अदालतबाट म्याद थप्दै उनलाई अनुसन्धान जारी राखिन पनि सक्छ । या त उनलाई अदालतले धरौटी माग गरेर थुनामुक्त पनि गर्न सक्छ । जे होस्, यो राजनीति पनि जोडिएको पेचिलो मुद्दा भएकाले रवि लामिछानेले निकै संयतापूर्वक अघि बढ्नु पर्ने विषय बनेको छ । पहिलोपटक उनी सहकर्मी शालिकराम पुडासैनीको आत्महत्या दुरुत्साहन मुद्दामा चितवनमा हिरासतमा बसेका थिए । यसपटक उनी सहकारीपीडितको रकम अपचलनसँगै संगठित अपराधको मुद्दामा पोखरा प्रहरीको हिरासतमा पुगेका छन् । दुई पटक गृहमन्त्री भएका र उपप्रधानमन्त्रीको पनि पगरी गुथेका उनको राजनीति छोटो समयमै चर्चामा पुगेको थियो र अनेक विवादको सिकार हुँदै फेरि हिरासतमै पुग्नु परेको छ ।*

*पहिलोपटक पनि रवि लामिछाने चितवन जाँदा उनका पक्षमा ठूलै प्रदर्शन भएको थियो । त्यतिखेर पनि चितवनमा उनले देखाएको जुलुशले उनको राजनीतिक भविष्यमा लागिरहेको कालो बादल हटाउन मदत गर्ने आँकलन थियो । यसपटक पनि उनी स्थलमार्ग हुँदै काठमाडौबाट पोखरा जान तयार भए । उनका कार्यकर्ताहरुले धादिङ, चितवन, तनहुँ हुँदै पोखरासम्म सडकमा आवाज उठाए । यो भिडभाडले फैसला गर्ने होइन । अदालतमा अनुमति मागेर प्रहरीले अनुसन्धानका लागि लामिछानेलाई नियन्त्रणमा लिएको हो । उनीबारे अनुसन्धान गरेर प्रहरीले अदालतमा पेस गर्ने हो । जति अनुसन्धानमा सहजीकरण हुन्छ, त्यति नै प्रहरीले चाँडै अदालतमा रवि लामिछानेलाई पेस गर्नसक्छ ।*

*यसैले रविले आफ्नो सम्बोधनमा भनेजस्तै अनुसन्धानमा सघाउन जरुरी छ । उनले अनुसन्धानमा आफूलाई निर्दोष सावित गराउन लाग्नु पर्नेछ । पहिलोपटक पनि उनी अदालतमा धरौटी बुझाएर आएका हुन् । उनको मुद्दा अदालतमा चलिरहेकै छ । अहिले चैँ प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएकाले अदालत पुग्न उनलाई कम्तीमा ६० दिन र बढीमा ९० दिन लाग्ने भएकाले अनुसन्धान छोटो पार्नु नै उनका लागि श्रेयस्कर विषय हो ।*

*फैसला अदालतले गर्ने हो । अदालतको फैसला स्वीकार्नुको विकल्प छैन । यसैले रवि लामिछानेले अदालतको फैसला प्रभावित पार्ने भिडभाड देखाउनु उनको राजनीतिकै लागि अहितकर ठहर्ने देखिन्छ । यो काम अरु दलका नेताहरुले पनि गर्न सक्थे । माओवादीका कृष्णबहादुर महरा, एमालेका टोपबहादुर रायमाझी, कांग्रेसका बालकृष्ण खाण पनि पक्राउ परेकै थिए । तर उनीहरुले सडकमा शक्ति देखाएनन् । अदालती प्रक्रियालाई मदत नै गरेका छन् । कोही अहिले पनि हिरासतमा छन्, कोही धरौटीमा छुटे । राजनीति गर्नेहरुले आफूलाई कानूनी बाटोमा सफाइका लागि मेहनत गर्ने हो, न कि सडकमा बल प्रयोग गरेर समस्या समाधान खोज्ने हो । नयाँ र जान्ने भनिएको र आसा गरिएको युवापुस्ताले सडकबाटै सबै फैसला हुन्छ भन्ने बुझ्नु पनि उनीहरुकै राजनीतिक भविष्यका लागि श्रेयस्कर हुँदै होइन ।*

# मिथिला क्षेत्रको सांस्कृतिक नाँच 'झिझिया'



शशिकान्त मण्डल
**कानुन संकायमा अध्यनरत विद्यार्थी**
**राजर्षी जनक विश्वविद्यालय, जनकपुरधाम**

झिझिया नेपाल र भारतको मिथिला क्षेत्रको एक सांस्कृतिक लोकप्रिय नाच हो। यो नाच विशेष रूपमा असोज महिनामा विजयादशमीमा चाडको समयमा प्रदर्शन गरिन्छ। यो नाच देवी दुर्गा प्रति भक्ति अर्पण गर्न तथा आफ्नो परिवार, बालबच्चा र समाजलाई बोक्सी र कालो जादूबाट बचाउनको लागि गरिन्छ । घटस्थापनाको दिनदेखि विजयादशमीसम्म लगातार दश साँझसम्म महिला र युवतीहरूले पाँचदेखि पन्ध्र जनाको समूहमा टाउकोमा माटोको घैंटो राखेर घुमाएर नाच्ने गरिन्छ। घैंटोभित्र बलिरहेको दियो र घैंटोमा धेरै प्वालहरू बनाइएको हुन्छ। घैंटोमा रहेको प्वाल गणना गर्न बोक्सी सफल भएमा नर्तकीको तुरुन्तै मृत्यु हुने जनविश्वास छ। झिझिया नाच वैदिक र तान्त्रिक परम्परा अनुसार मिथिलामा नाचिने एक विशेष प्रकृतिको नाच हो। यो नाच विशेष गरि नेपालको मिथिलाको प्राचीन राजधानी जनकपुरधाम लगायत त्यहाँका वरिपरिको क्षेत्रहरुमा वर्षमा एकपटक विशेष गरि दशैँको समयमा दशौँ दिन प्रत्येक राती महिलाहरुले समूह बनाएर विभिन्न शक्ति पिठहरुमा नाचिने गर्दछ। पूर्ण तान्त्रिक विधि अनुसार गरिने यो नाच वर्तमान मधेसमा परम्परा देखि नै चलिआएको छ। दशैँको प्रारम्भ घटस्थापना देखि नै दशमी सम्म देवी स्तुतिको रुपमा यो नृत्य गरिन्छ। सन्तान र समाजको सुरक्षाका लागि यो तान्त्रिक पद्धतिका दैवीक नाच प्रारम्भ गरिएको भन्ने जनविश्वास छ। जादु, टोना, बोक्सी ( डायन ) आदिको नकारात्मक शक्ति र मन्त्र बाट जोगिन वा त्यसको प्रभाव कम गर्न यो धार्मिक नाचको सुरुवात गरिएको भन्ने मान्यता छ। तर त्यहीँ तान्त्रिक पद्धतिको देविको स्तुतिको रूपमा नाचिने झिझियालाई अहिलेको समय आएर आर्केष्ट्रा जस्तो स्टेज नाचमा रुपान्तरण गर्दा हाम्रो संस्कृति पश्चिमी संस्कृतिमा ढलिरहेको आभाष हुन्छ। आफ्नो संस्कृति आफ्नै आखाको अगाडी अर्को संस्कृतिमा परिवर्तन भैरहेको देख्दा बडा दुःख लाग्छ।

झिझिया हाम्रो मिथिलाको पारम्परिक नाच हो जसले मिथिला र मिथिलाको संस्कृतिलाई विश्वव भरी चिनाउने गर्दछ। त्यसैले हाम्रो यस परम्परा लाई सबैले मिलेर लोप हुन बाट बचाउनुपर्दछ। झिझिया विशुद्ध रुपमा संस्कृती हो। यसमा कुनै किसिमको समिश्रण गर्नु भनेको आफ्नै संस्कृति मास्ने खालको एक अपराध सरह हो। हाम्रो पुर्खाहरुले हामीलाई यो संस्कृती हस्तान्तरण गरेजस्तै हामीले पनि यो विषयलाई आत्मसात गरेर यस लाई आउने पुस्तालाई सकारात्मक रूपले हस्तान्तरण गर्नुपर्दछ। तर त्यही संस्कृतिलाई हामीले आफ्नो मनोरञ्जन र व्यक्तिगत फाइदाका लागि अरु छाडा नृत्य जस्तै यसलाई पनि परिभाषित गर्न थाल्यौ भने नयाँ पुस्ताले यसलाइ महसुस पनि गर्न सक्दैन। झिझिया नाच नकारात्मक शक्तिलाई कमजोर र निर्मूल पार्नका गरिने तान्त्रिक पद्धतिका नाच र भगवतीको स्तुति हो। तसर्थ यस्तो शक्तिलाई मनोरञ्जनको आधार मान्नु हाम्रो यस समाजको ठूलो भूल हो। झिझिया नृत्य दशैको समयमा देविलाई प्रसन्न पार्नका लागी र राक्षसी प्रवृत्तिका मानिसलाई प्रभाव पार्न र समाजलाई हानी नोक्सानी बाट जोगाउनका निम्ति विशेष गरि युवतीहरुको समूह द्वारा प्रदर्शन गरिने विशेष प्रकृतिका नाच हुन्। जुन भगवती भएको ठाउँमा विशेष गरि प्रस्तुत गरिन्छ। नकारात्मक शक्तिका रूपमा मानिने मधेसमा डायन, जोगिन, इत्यादीहरु बाट बच्न वा उनीहरुको मन्त्र वा शक्ति बाट कैद गरिएका व्यक्तिहरु लाई उक्त शक्तिको प्रभाव बाट मुक्त गर्नका लागि झिझियाको स्तुती वा मन्त्रहरु सहित सुसज्जित गरि÷गराई झिझिया नाच नाचिन्छ।

कहिलेकाहीँ अरु देश बाट हाम्रो देशमा आएका पाहुनाहरुलाई हाम्रो संस्कृति, परम्परा, इत्यादि देखाउनका लागि पनि हाम्रो विशेष प्रकृतिका नाच झिझिया आफ्नो सभ्यता झल्किने गरि पाहुनाहरुलाई देखाइन्छ। तर यहीँ कुरा कुनै चाडपर्व र विशेष अवसरहरुमा हाम्रो २१ औं शताब्दीका विद्वान समाजका अगुवाहरुले समाजमा बसोबास गरिरहेका गरिब, निमुखा, दलित, इत्यादि वर्गहरुका चेलिबेटीहरुलाई विभिन्न प्रलोभन दिइ आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि भोजपुरी भाषामा गाइएका झिझिया नाम दिई छाडा शब्दहरु प्रयोग गरि रचित गीतमा नचाई आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्छन्।

विभिन्न समयमा विभिन्न कार्यक्रम अन्तर्गत झिझियाको नाममा भोजपुरीका छाडा गीतहरुमा ती चेलिबेटीहरुलाई स्टेजमा नचाउने गर्छन् र आफ्नो खल्ती भर्छन। कयौं एनजियो÷आइएनजियो र धनाढ्य व्यक्तिहरुलाई खुसी पार्न झिझियाको नाममा हाम्रा समाजका चेलिबेटीहरुलाई भजाउछन् र तिनीहरुलाई स्टेजमा नचाउने गर्छन्। तसर्थ हाम्रा समाजका माथिल्लो स्तरका भनिने पुजीवादीहरुको सर्वहारा वर्ग प्रतिको थिचोमिचोम हेपेर राख्ने र जहाँ पनि प्रयोग मात्र गर्ने सोचलाई हामी सबैले बुझ्न जरुरी छ। यदि अवस्था यसरी नै यथावत रह्यो भने हाम्रो संस्कृती र परम्परालाई उनीहरुले भजाएर आफ्नो खल्ती भर्छन र हाम्रो चेलिबेटीहरुलाई प्रयोग गरिरहने छन्। त्यसैले समयमा नै सतर्क होऔँ र आफ्नो चेलिबेटीहरुलाई सुरक्षीत राखौं र प्रयोग हुन बाट बचाऔँ साथै हाम्रो संस्कृतीलाई छाडा र नकारात्मक्ताको साथै लोप हुन बाट जोगाऔँ। संस्कृति र परम्परा हाम्रो पहिचान हो यसले हामीलाई गौरवान्वित बनाउछ र अरु समाज जस्तै हाम्रो पनि गौरवशाली इतिहास छन् भने महसुस समेत गराउछन। हाम्रो पनि यो संसारमा छुट्टै पहिचान दिलाउछन्। तसर्थ हाम्रो संस्कृति, परम्परा, इतिहासलाई संरक्षण गर्नु हाम्रो प्रमुख जिम्मेवारी हो। तसर्थ हाम्रै समाजमा हाम्रै संस्कृति र इतिहास प्रति देखापरिरहेका खतरा लाई हामीले गम्भीरता पूर्व लिनुपर्दछ। त्यसैले हाम्रो संस्कृति झिझिया नृत्य लाई पश्चिमी संस्कृतिको प्रभाव बाट बचाऔँ र झिझिया नृत्यको नाममा यस समाजका बिद्वान कहलाउने अगुवाहरु, पुजीवादी सोच र धनाड्य व्यक्तिहरुको चक्रभ्यु बाट हाम्रै समाजमा दुरुपयोग भैरहेका हाम्रो चेलिबेटीहरुलाई सुरक्षीत राखौं। यस्ता बिकृतिलाई रोकथाम गर्न र कम गर्नका लागी विशेष गरि स्थानीय सरकार र प्रदेश सरकारले पहल कदमी र थालनी गर्नुपर्दछ। किनभने संघीयता ल्याउनुको मुख्य कारण नै स्थानीय जनतालाई सहजीकरण र समस्या, बिकृती, विकास, इत्यादी जस्ता विषयलाई समाधान गर्नका हो। त्यहीँ भएर यदि समाजमा हाम्रो संस्कृति, परम्परा, जस्ता हाम्रो समाजको धार्मिक धरोहर लाई धरापमा पार्ने र मास्ने काम हुन्छ या भैरहेको छ भने सरकारले यसमा गम्भीर कदम चाल्नुपर्छ र यति सम्म त्यस्ता गिरोह वा समूह लाई कार्यवाही गर्नुपर्दछ। किनकी स्थानीय तह र जनताका समाजका विकृतिहरु स्थानीय सरकार र प्रदेश सरकारको नजरमा चाडो पर्ने गर्दछ। यतिसम्म कि संघीय सरकारले पनि संस्कृति बिगार्ने जस्ता विकृति प्रती गम्भीर नरहेको देखिन्छ। तसर्थ केन्द्र सरकारले पनि झिझिया जस्तो पौराणिक परम्पराप्रति गम्भीर एवं सचेत हुनुपर्छ भन्ने देखिन्छ। केन्द्र, प्रदेश र स्थानीय गरि तीन तहको सरकार हुदाहुदै हाम्रो देशको गौरवान्वित बनाउने पौराणिक संस्कृति झिझियालाई पश्चिमी सभ्यताको प्रभाव बाट बचाउन नसक्नु ठुलो विडम्बना र दुःखद हो। संस्कृति भनेको सामाजिक सरोकार विषय हो। त्यसैले समाज संग सरोकार भएका हरेक निकाय र व्यक्तिहरुले यसका लागि पहलकदमी थाल्नुपर्दछ। त्यसैले राजनीति कर्मी, पत्रकार, शिक्षित वर्ग, अगुवा, इत्यादिहरुले संस्कृति मास्ने जस्ता कार्य एवं गिरोह वा समूहको खुल्ला रूपमा विरोध गर्नुपर्छ र आ– आफ्नो संस्कृतिको संरक्षण गर्नुपर्दछ।

यस देशमा रहेका विभिन्न संगठन र संस्थाहरु जुन समाज बिकासको लागि काम गर्छन्। ती संस्थाहरुले पनि झिझिया लाई प्रोत्साहन गर्नुपर्छ र यसलाई दुर्गामी तर्फ मोड्न खोज्ने कार्यहरु प्रति निगरानी राखेर यस्ता नकारात्मक सोचहरुलाई जरैदेखि उखेल्ने कदमहरु र कामहरु चाल्नुपर्दछ। तर्सथ म अन्त्यमा यहीँ भन्न चाहन्छु कि झिझिया नृत्य सिंगो मधेशको धार्मिक धरोहर र गौरव हो। त्यसैले विशेष गरि मधेसका जनता र समाजसँग सरोकार राख्ने संस्था एवं व्यक्तित्वहरु एक्यवद्धता जनाइ र एकरुपता कायम गरी झिझियालाई मासिन बाट बचाउन आजै देखि नै संयम भइ यसलाई संरक्षण गर्नुपर्दछ।

मण्डल, राजर्षी जनक विश्वविद्यालय, जनकपुरधाममा कानून संकायमा अध्यनरत छन्।

# नेत्रहीन क्रिकेट विश्वकपमा नेपालको सहभागिता



राजु सिलवाल

पुरुष तथा महिलाहरुको क्रिकेटमा आफ्नो बेग्लै पहिचान बनाउन सफल नेपालले नेत्रहीनहरुको क्रिकेटमा पनि सशक्त उपस्थिति जनाउँदै आइरहेको छ। आगामी मंसिर ७ गतेदेखि १८ गतेसम्म पाकिस्तानमा आयोजना हुने चौंथो टि ट्वान्टी नेत्रहीन विश्वकप क्रिकेट प्रतियोगिताका लागि नेपालले तयारी गरिरहेको छ।

पुरुषहरुको उक्त विश्वकपमा नेपालबाट प्रतिनिधित्व गर्ने खेलाडीहरुको अन्तिम छनोट यही कात्तिक ४ गते र ५ गते काठमाडौंँमा हुनेभएको छ। छनोट भएका खेलाडीहरुलाई आगामी तिहारपछि बन्द प्रशिक्षणमा राखिने जानकारी नेत्रहीन क्रिकेट संघ नेपालका अध्यक्ष पवन घिमिरेले दिएका छन्। यसअघि गत असारमा पहिलो चरणको छनोटअन्तर्गत १९ जना खेलाडीहरु छनोट गरिएको थियो। तत्कालीन माओवादी द्वन्दका बेला २०६० सालमा आँखाको ज्योति गुमाउन पुगेका नेपाली सेनाका प्रमुख सेनानी घिमिरेकै सक्रियतामा नेपालमा २०६३ सालमा नेत्रहीनहरुको क्रिकेटको सुरुआत भएको थियो।

उनले नेत्रहीन क्रिकेट खेलाडी, कप्तान, प्रशिक्षक, अम्पायर तथा नेत्रहीन क्रिकेट सङ्घ नेपालको अध्यक्ष समेत भूमिका निर्वाह गरेर नेत्रहीन क्रिकेटलाई स्थापित गर्न योगदान दिएका छन्। नेत्रहीन क्रिकेटका पाकिस्तानी प्रशिक्षकले काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा ३३ जना प्रशिक्षण दिएर नेपालमा नेत्रहीनको क्रिकेटको सुरुवात गरेका थिए। अहिले नेपालमा स्थानीयस्तरदेखि अन्तराष्ट्रिय तहसम्मकै प्रशिक्षकहरु कार्यरत रहेका छन्। यो खेल विभिन्न जिल्लामा विस्तार हुने क्रम जारी रहेको छ। विभिन्न जिल्लामा रहेका दृष्ट्रिविहीनहरुलाई प्रोत्साहनका लागि विभिन्न तहको प्रतियोगिता आयोजना गर्ने गरिएको छ। राष्ट्रिय खेलकुद परिषदले आयोजना गर्ने गरेको पारा तथा विशेष खेलकुदमा नेत्रहीन क्रिकेटलाई पनि प्रतियोगिताको रुपमा समावेश गर्ने गरिएको छ।

नेत्रहीनहरुको क्रिकेटमा विश्वका विभिन्न ११ देशको सहभागिता रहेकामा नेपालको हालको स्थान छैठौं, सातौं हुनु मुलुकका लागि उपलब्धिमूलक नै मान्नु पर्दछ। यी वाहेक अन्य देशका स्कूल कलेजहरुमा पनि नेत्रहीन क्रिकेट खेल्ने गरिएको छ। तर यसको संस्थागत विकास भने हुन सकेको छैन्। नेपाली नेत्रहीन क्रिकेट टिमले सन् २००८ मा पाकिस्तानसँग मैत्रीपूर्ण खेल खेलेर आफ्नो अन्तर्राष्ट्रिय सहभागिताको सुरुवात गरेको थियो। त्यतिखेरै नेपाली टिमले पाकिस्तानमा नौ वटा मैत्रीपूर्ण खेल खेलेको थियो।

नेपालले सन् २०१२ मा भारतको बेङ्गलोरमा भएको नेत्रहीनहरुको विश्वकपमा भाग लिएर विश्वकपमा सहभागिता प्रारम्भ गरेको थियो। त्यसबखत नेपालले पहिलोपटक बङ्गलादेशको टिमलाई पराजित गर्न सफल भएको थियो। भारतको केरलामा सन् २०१६ मा भएको एशियाली नेत्रहीन क्रिकेट प्रतियोगितामा पनि नेपालले आफ्नो सहभागिता जनाएको थियो। यसअघि सन् २०२१ मा भारतमा आयोजना भएको तेस्रो टि ट्वान्टी विश्वकपमा कोरोनाले आक्रान्त पारेको अवस्थामा पनि नेपालले भाग लिएको थियो। त्यतिखेर भारतले उपाधि जितेको थियो।

**नेपालबाटै महिला क्रिकेट सुरु**

यहाँ उल्लेखनीय पक्ष के छ भने धेरै सङ्ख्यामा दृष्टिविहीन महिलाहरुलाई क्रिकेटमा समाहित गर्ने मुलुकमा नेपाल अग्रपङ्तिमा पर्दछ। नेत्रहीन महिलाहरुको क्रिकेटको सुरुआत नेपालले नै गरेको थियो। वेलायतमा समेत नेपाली प्रशिक्षककै सहयोगमा नेत्रहीन महिला क्रिकेट सुरु गरिएको थियो। सन् २००९ मै नेपाली महिला टिमले काठमाडौंमा आयोजित मैत्रीपूर्ण खेलमा बेलायतलाई पराजीत गरेको थियो। त्यतिखेर नेपाल सरकारले महिला टिमलाई राष्ट्रिय सम्मान प्रदान गरेको थियो। अब सन् २०२५ मा भारतमा आयोजना हुने नेत्रहीन महिलाहरुको विश्वकपमा नेपालको पनि सहभागिता रहने लक्ष्य राखिएको छ।

**मैदानको अभाव**

शारिरीक रुपले सक्षम क्रिकेट खेलाडीहरुको लागि नेपालका विभिन्न स्थानमा क्रिकेट मैदान उपलब्ध भए पनि नेत्रहीन खेलाडीहरुका लागि क्रिकेट मैदानको व्यवस्था हुन सकेको छैन। चाहे अभ्यास गर्दा होस् अथवा कुनै प्रतियोगिता आयोजना गर्नुपर्दा मैदानका लागि नेपाल क्रिकेट सङ्घलगायतलाई गुहार्नु पर्ने अवस्था आउने गरेको छ। त्रिभुवन विश्वविद्यालय कीर्तिपुरस्थित क्रिकेट मैदान नेपाल क्रिकेट सङ्घले प्रयोग गरिरहेको छ। सोही सङ्घले प्रयोग गर्ने गरेको मूलपानी क्रिकेट मैदानका लागि पनि सरकारले लगानी गरेको छ। त्यस्ता मैदान नेत्रहीनहरुलाई पनि सहज रुपमा उपलब्ध गराउने व्यवस्था गर्न सम्बन्धित निकायले प्राथमिकता दिनु पर्दछ।

राष्ट्रिय खेलकुद परिषदको स्वामित्वमा नेपालभर हजारौं रोपनी जमिन रहेका छन्। कयौं जमिन अतिक्रमणमा परिसकेका छन्। नेत्रहीन क्रिकेट खेलाडीहरुका लागि छुट्टै क्रिकेट मैदानका लागि सरकारले बजेट विनियोजन गर्नु पर्दछ भनेर पटकपटक आवाज उठ्ने गरेको पनि छ। नेत्रहीन क्रिकेट सङ्घ नेपालका पदाधिकारीहरुले नेत्रहीन क्रिकेट र अपाङ्गता खेलकुदका बारेमा बेलाबखत सरकारको ध्यानाकर्षण गर्दै आइरहेका छन्। पछिल्लो पटक युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीसँग सङ्घका पदाधिकारीहरुले छलफल गरेका थिए।

दृष्टिविहीनहरुले कसरी खेल्छन् ?

दृष्ट्रिविहिन क्रिकेट खेलाडीहरुले आवाजको प्रयोग गरेर क्रिकेट खेल्ने गर्दछन्। नेत्रहीनहरुले क्रिकेट खेल्दा प्रयोग गर्ने हार्ड प्लाष्टिकको बलभित्र रहेका साइकलका बल बेरिङको माध्यमबाट बल बज्ने गर्दछ। त्यही आवाज सुनेको आधारमा आवाजलाई पछयाउँदै ब्याटिङ गर्नेले ब्याटिङ गर्दछ भने बलिङ र फिल्डिङ गर्नेले पनि त्यसैलाई पछयाएर क्रिकेट खेल्ने गरेका छन्।

सबै नेत्रहीन खेलाडीले देख्छन् कि देख्दैनन् ?

दृष्ट्रिविहीन क्रिकेट खेल्ने सबै खेलाडी पुर्ण दृष्ट्रिविहीन हुदैंनन्। वल्ड ब्लाइण्ड युनियनले मान्यता दिएको वैधानिक दृष्ट्रिविहीनअन्तर्गत क्रिकेटमा तीन प्रकारका खेलाडीहरुले खेल्ने गर्दछन्। जस्तै बी वान जसले पूर्ण रुपमा देख्दैन। बि टु जसले पाँच मिटरसम्म कुनै वस्तु हल्लिएको अनुभव गर्ने तर नदेख्ने तथा ठम्याउन नसक्ने, बि थ्री क्याटगोरीमा २० मिटर दूरीसम्म कुनै वस्तु हल्लिएको तथा चलिरहेको अनुभव गर्दछन्। एक टिममा चार जना बि वान, तीन जना बि टु तथा चार जना बि थ्री क्षमता भएका खेलाडीलाई खेलाउने गरिन्छ। पूर्ण दृष्ट्रिविहिन तथा कम देख्ने क्षमता खेलाडीहरुको समग्रता नेत्रहिन क्रिकेट मानिएको छ।

सन् १९२२ मा अष्ट्रेलियाबाट नेत्रहीनहरुको क्रिकेटको सुरुवात भएको थियो। तर १०० वर्ष पुगिसकेको अवस्थामा पनि विश्वमा यो खेललाई अझ ब्यापक बनाउन सकिएको छैन। नेपाली नेत्रहीन खेलाडीहरुले अन्तर्राष्ट्रिय पहिचान बनाइसकेको अवस्थामा महत्वपूर्ण पदकहरु भित्र्याएर मुलुकको छवि अझ उच्च बनाउन नेत्रहीन क्रिकेट पनि महत्वपूर्ण माध्यम बन्न सक्दछ। तर यसका लागि शारिरिक रुपमा सक्षम क्रिकेट खेलाडीहरुलाई नेत्रहीन क्रिकेट खेलाडीहरुलाई पनि यथोचित सुविधा, यस खेलका लागि सरकारको उच्च प्राथमिकता तथा यथोचित लगानी भने अत्यावश्यक भैसकेको महसुस गरिएको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘ट्रायल पास’ गरेपछि ‘लाइसेन्स कार्ड’ आवश्यक पर्दैनः प्रधानमन्त्री ओली



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले सवारी चालक अनुमतिका लागि ‘ट्रायल पास’ गरेपछि ‘लाइसेन्स कार्ड’ आवश्यक नपर्ने व्यवस्था गरिएको बताएका छन् ।
सामाजिक सञ्जालमा शनिबार उनले ‘पोष्ट’ गरेको सामग्रीमा नागरिक ‘एप’ मार्फत सम्बन्धित व्यक्तिको मोबाइलमा लाइसेन्स उपलब्ध हुने उल्लेख गरेका छन् । सवारी नियम उल्लङ्घनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै ‘डिजिटल पेमेन्ट’ गर्ने व्यवस्था पनि सरकारले गरेको छ ।
‘यसले सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ भने सवारी नियम उल्लङ्घनमा जरिवाना तिर्दा हुने झन्झट हटेको छ, कात्तिक ४ गते आइतबारदेखि बागमती प्रदेश यातायात व्यवस्था कार्यालयबाट परीक्षणका रुपमा यो व्यवस्था सुरु हुनेछ’, सामाजिक सञ्जालबाट सार्वजनिक गरेको सन्देशमा प्रधानमन्त्री ओलीले भनेका छन् ।
नागरिक एपमा अरू सेवा पनि थप्ने तयारी सरकारले गरेको छ ।
कुनै पनि कामका लागि लाममा बस्नुपर्ने समस्याबाट मुक्त गर्ने तयारीमा सरकार लागेको उनले बताए । नागरिकलाई छिटो सेवा प्रवाहमा यसबाट सहयोग पुग्ने आशा गरिएको प्रधानमन्त्री ओलीको भनाइ छ ।रासस

# ‘बाढीपहिरो प्रभावितलाई तत्काल आश्रयको व्यवस्था गरौँ’

***काठमाडौँ ।***
*बाढीपहिरो तथा डुबान प्रभावित जिल्लाका प्रतिनिधिसभा सदस्यले क्षति भएका सडकलगायत पूर्वाधारको पुनःनिर्माण, वस्ती स्थान्तरण तथा पीडितलाई तत्काल आर्थिक सहयोगमा प्राथमिकतामा राख्न सुझाव दिएका छन् ।*
*उनीहरुले सङ्घीय राजधानीसँग जोडिने र बाहिरिने तथा अन्य मुख्य सडक जुनसुकै विपद्को अवस्थामा नटुट्ने स्थिति बनाउन राज्यले विशेष ध्यान पु¥याउन आग्रह गरेका छन् । प्रतिनिधिसभा सदस्यहरुले नदी र खोला किनारा तथा भीर पहरामा गैरकानुनी ढङ्गबाट खानी चलाउने कार्यले बाढी पहिरो र विपद्का घटना निम्त्याएकाले त्यस्ता गतिविधिलाई तत्काल बन्द गराउन राज्यको सक्रियता आवश्यक रहेको बताए ।*
*(गत असोज १० देखि १२ गते सम्म भएको वर्षापछि आएको बाढी पहिरो प्रभावित धादिङ र दोलखाका सांसदसँग ती जिल्लामा भएका क्षति, राहत र अबको प्राथमिकताबारे राससले गरेको कुराकानीको सम्पादित अंशः)*

## सङ्घीय राजधानीसँग सडक सञ्जाल टुट्न नहुने स्थिति बनाउनुपर्छः राजेन्द्रप्रसाद पाण्डे (धादिङ)

धादिङ निर्वाचन क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्यको नाताले पछिल्लो बाढी पहिरोको घटनापछि सरकारले गरिरहेका कामकारबाहीप्रति मेरो केही प्रतिक्रिया छ । यसवर्ष तुलनात्मकरुपमा बढी वर्षात् हुने पूर्वानुमान र त्यसबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरणका लागि गर्नुपर्ने पूर्वतयारी र व्यवस्थापन फितलो देखियो । जल तथा मौसम विज्ञान विभागको पूर्वचेतावनीका आधारमा सम्भावित जोखिमको आँकलन गरी जुनस्तरको पूर्वतयारी र व्यवस्थापनमा समयमै निर्णय लिन पर्थ्यो, कमजोरी भयो । यस्ता घटनाबाट आगामी दिनमा त्यसप्रकारको क्षति हुन नदिन के–कस्तो रणनीति बनाउने भनी शिक्षा लिनुपर्छ ।
यसवर्ष तीन दिनको अविरल वर्षाबाट काठमाडौँ उपत्यका भित्रने सबै नाका ठप्प हुँदा त्यसको प्रभाव मुलुकभर नै प¥यो । काठमाडौँ र धादिङको सीमानामा पर्ने झ्याप्ले खोलामा पहिरो जाँदा त्रिभुवन राजपथ र पृथ्वी राजमार्गलगायत देशको पश्चिम भाग जाने सबै आवगमन ठप्प हुन पुग्यो । त्यस्तै विपी र कोदारी राजमार्ग पनि बाढीपहिराले क्षतविक्षत भए । राजधानीसँग जोड्ने देशभरका सबै सडक एकैसाथ अवरुद्ध भएपछि अवस्था जटिल बन्यो । सिङ्गो मुलुकको ‘लाइफ लाइन’का रुपमा रहेका कतिपय सडक र पुल भत्किए । जसबाट आवागमन प्रभावित भयो ।
यस घटनाबाट सङ्घीय राजधानीसँग जोड्ने र बाहिरिने सडक जस्तोसुकै विपद् आउँदा पनि टुट्न नहुने स्थिति बनाउनुपर्छ भन्ने पाठ सिकाएको छ । तीन तहकै सरकारले यस कुरामा ध्यान पुऱ्याउनुपर्छ । राजधानी भित्रने नागढुङ्गा नाकाको विकल्पकारुपमा म तत्कालीन स्थानीय विकास मन्त्री हुँदा रु एक करोड २० लाख बजेट विनियोजन गरी सीतापाइला–धार्के सडक सुरुआत गरिएको हो । यसपटक झ्याप्ले खोलामा आएको पहिरोले त्यो सडकको आवश्यकता र महत्व उजागर भएको छ । त्रिभुवन राजपथ अवरुद्ध भएपछि सो सडकमा सवारी चाप निकै बढ्यो । महत्व पुष्टि भयो ।
उक्त सडकबाट साना तथा हलुका सवारी साधन उपत्यका प्रवेश र बर्हिगमनका लागि ठूलो सहयोग पुगेको छ । अब यो सडक बाह्रै महिना निर्वाध सञ्चालन हुने गरी स्तरोन्नति गरिनुपर्छ । सरकारले पुनःनिर्माणका सन्दर्भमा काठमाडौँ जोड्ने सडक कुनै पनि अवस्थमा नरोकिने विषयलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।
पृथ्वीराजमार्ग स्तरोन्नतिको काम छिटो सम्पन्न गर्नेतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्छ । खानीखेलाबाट बाड्भञ्ज्याङ हुँदै काठमाडौँ प्रवेश गर्ने सडक कालोपत्रे गर्न अब विशेष ध्यान पु¥याउनुपर्छ ।
धादिङस्थित नदी र खोला किनारमा अन्धाधुन्ध डोजर प्रयोग गरी प्राकृतिक सम्पदाको दोहन गरिँदा त्यसबाट निम्तने विपद् भयानक हुन सक्छ । त्यसबारे समयमै सोच विचार पुऱ्याउन आवश्यक छ । त्यसकारण खोला किनारा तथा भीरपहरामा गैरकानुनी ढङ्गबाट मापदण्ड विपरित स्वीकृति नलिइ खानी चलाउने काम तत्काल बन्द गर्नुपर्छ । अहिले खोलाका किनारमा धेरै डोजर प्रयोग गरी प्राकृतिक सम्पदा नोक्सान गर्ने काम भएको छ । त्यसमा संलग्न व्यवसायीले गैरकानुनी ढङ्गले काम गर्ने मात्र नभई राज्यलाई कर नतिर्ने कार्य भइरहेको छ । त्यसबाट हुन सक्ने प्राकृतिक जोखिम र क्षति आँकलन गर्न गाह्रो भएको छ । खोलाका किनारका खेतीयोग्य जमिन यसै पटकको बाढीले पुरेर नोक्सानी पुऱ्याएको छ । त्यो क्षतिको पनि आँकलन गर्न सक्ने अवस्था छैन । त्यसकाण पनि गैरकानुनी ढङ्गले खानी चलाउने तर कर नतिर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ ।

**राहत र पुनःस्थापना द्रुत गतिमा हुनुपर्छ : गङ्गा कार्की (दोलखा)**

सङ्कटग्रस्त क्षेत्र असमान ढङ्गबाट घोषणा गरिएको छ । त्यो क्षतिको यथार्थमा आधारित छैन । दोलखालाई सङ्कटग्रस्त सूचीको तेस्रो श्रेणीमा राखिएको छ, यो बेठिक छ किन भने यहाँ क्षति धेरै भएको छ । त्यसलाई सच्याउनपर्छ । बाढीपहिराबाट माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा क्षति भएको छ । त्यहाँ नेपाली सेनाका दुई र अरु दुई जना कर्मचारीको मृत्यु भएको छ । खिम्तीलगायत अन्य जलविद्युत् आयोजनामा क्षति पुगेको छ । जिल्लाभित्र बाढी पहिरोबाट अवरुद्ध भएका बाटोघाटालाई व्यवस्थित तुल्याउन राज्यले प्रभावकारी ढङ्गबाट काम गर्नुपर्छ । राहत र पुनःस्थापनामा सरकारबाट हेलचक्र्याइँ हुनभएन ।
राज्यले नजिकिँदो चिसो मौसमलाई ख्याल गरी प्रभावित क्षेत्रका नागरिक घर बस्न पाउने अवस्था बनाओस् । जिल्लाको बिँगु, शैलुङ र गौरीशङ्कर गाउँपालिकामा बढी क्षति पुगेको छ । पहिरो नियन्त्रण, राहत वितरण, भत्केका घर टहरा तथा सडक निर्माण, बेपत्ताको खोजी मुख्य विषय हो । स्थानीय सरकारले मात्रै पुनःनिर्माण गर्न सम्भव छैन । सङ्घीय सरकारले सहयोग गर्नुपर्छ । पुनःस्थापना, पीडितलाई गास, बास र कपास तथा बस्ती स्थान्तरण विषयलाई सरकारले प्राथमिकतामा राखेर काम गरोस् । रासस

# माओवादी पार्टीहरूबीच छिट्टै एकता हुन्छः अध्यक्ष दाहाल



**भरतपुर ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले छरिएर रहेका माओवादी पार्टीहरूबीचको एकता प्रक्रिया चाँडै टुङ्गोमा पुग्ने बताएका छन् ।
चितवनको भरतपुर महानगरपालिका–१३ मा बेपत्ता योद्धा दण्डपाणि न्यौपाने स्मृति भवन निर्माणार्थ आयोजना गरिएको जनसांस्कृतिक कार्यक्रममा उनले हिजो एउटै ‘स्कुलिङ’बाट आएका तर हाल विभक्त रहेका माओवादीहरू एकताबद्ध भएर जानुपर्नेमा जोड दिए ।
अध्यक्ष दाहालले सबै एकीकृत भएर मात्रै समाजवादी क्रान्तिको तयारीमा लाग्न सकिने उल्लेख गरे । ‘शान्ति सम्झौतामा आउँदा गणतन्त्रमा जाने सहमति भए पनि त्यसलाई जनताको गणतन्त्र बनाउने वा अरूकै भन्ने विषयमा कुनै विन्दुमा पुगेर सङ्घर्ष हुन्छ भन्ने विश्लेषण गरिएको थियो । अहिले त्यो विन्दुमा पुगेका छौँ । त्यसैले एकताबद्ध भएर अगाडि बढौँ’, उनले भने ।
अध्यक्ष प्रचण्डले पछिल्ला उपलब्धिको रक्षा गर्न आमजनतालाई एकताबद्ध गराउँदै समाजवादी क्रान्ति पूरा गर्ने गरी अगाडि बढ्नुको विकल्प नरहेको बताए । उनले पछिल्लो पटक आफूले सरकारको नेतृत्व गर्दा सहिदको नामावली राजपत्रमा प्रकाशन, योद्धाहरूको स्मरणमा जनयुद्धलाई राष्ट्रिय दिवस घोषणा र शान्ति प्रक्रियालाई टुङ्गोमा पु¥याउनेलगायत काम गरिएको उल्लेख गरे ।
कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले माओवादी एकताबद्ध भए आगामी निर्वाचनमा पहिलो संविधानसभाको जस्तै अवस्था आउने बताए । जनताको जीवन बदल्ने अभिभारा पूरा गर्न एकता आवश्यक रहेको धारणा राखे ।
माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसालले हजारौँ नागरिकको बलिदानबाट प्राप्त संविधान र सङ्घीयतालाई संस्थागत गर्दै लैजानुपर्ने बताए । त्यसका लागि माओवादी र वामपन्थी एकता जरुरी रहेको उनको भनाइ थियो ।
माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्न नयाँ ढङ्गले सोच्ने बेला आएको बताए । उनले सबै कम्युनिष्ट नेताहरूसँग छलफल भइरहेको र माओवादी शक्ति सङ्गठित भएर समाजवादी आन्दोलन अघि बढाउनुपर्ने बताए ।
रासस

# क्षतिग्रस्त तामाकोसी जलविद्युत् आयोजनाको मर्मतसम्भार शीघ्र थालिने



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बाढीबाट क्षतिग्रस्त माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको मर्मतसम्भार यथाशीघ्र थालेर बिजुली उत्पादन गरिने बताएका छन् । जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, दोलखाका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलसहित आयोजनाको क्षतिग्रस्त संरचनाको निरीक्षणपछि उनले आयोजनामा भएको क्षतिका कारण राज्यले अकल्पनीय घाटा व्यहोर्नुपरेको बताउँदै यथाशक्य चाँडो मर्मतसम्भार गरी विद्युत् उत्पादन गरिने प्रतिबद्धता व्यक्त गरे ।
मन्त्री खड्काले आयोजनाबाट चाँडोभन्दा चाँडो विद्युत् उत्पादन गर्न सरकारका तर्फबाट हरसम्भव सहयोग हुने प्रतिबद्धता दोहो¥याउनुभएको उनको निजी सचिवालयले जनाएको छ । आयोजनाका प्रमुख कार्यकारी अधिकृत मोहनप्रसाद गौतमले आगामी तीन साताभित्रमा विद्युत् उत्पादन थाल्नेगरी काम भइरहेको बताए । रासस

# रासस समाचार उत्पादनको ‘इपिसेन्टर’ होः मन्त्री गुरुङ



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले राष्ट्रिय समाचार समिति (रासस) राष्ट्रिय र अन्तरराष्ट्रिय समाचार उत्पादन तथा वितरणको ‘इपिसेन्टर’ (केन्द्रविन्दु) भएको बताएका छन् ।
रासससँगको अन्तवार्तामा शनिबार उनले समाचार सेवामा अथक महत्व बोकेको राससले सबै ‘मिडिया’ लाई सुहाउने समाचार सम्प्रेषण गर्न आवश्यक रहेको बताउँदै संस्थागत क्षमता वृद्धि गर्ने र ‘इन हाउस’ मा केही सुधार गर्न सुझाव दिए । ‘पछिल्लो समय सञ्चार गृह सूचना प्रविधिमैत्री बन्दै गएका छन् । समय सापेक्ष राससले पनि आफ्ना गतिविधि र उत्पादनमा प्रविधिमैत्री बनाउन जोड दिनुपर्छ,’सरकारका प्रवक्तसमेत रहेका सञ्चारमन्त्री गुरुङले भने, ‘रासस ‘आइटी फ्रेन्डली’ बनाउनुपर्छ, जनशक्तिको कार्यक्षमता बढाउनुका साथै व्यवस्थापनमा पनि ख्याल गर्नुपर्छ ।’
राससले पछिल्लो समय २४ सै घण्टा सेवा सञ्चालन गर्दा सञ्चार क्षेत्रमा सकारात्मक सन्देश प्रवाह भएको आफूले पाएको उल्लेख गर्दै मन्त्री गुरुङले भने, ‘बाढी र प्रकोपका बेला राससले सूचना प्रवाहमा निर्वाह गरेको भूमिका प्रशंसनीय छ, सेवा दिनमा रासस अब विश्राम लिँदैन भन्ने कामबाटै पुष्टि भएको छ । सरकारको उद्देश्य पनि सूचनामा जनताको पहुँच बढीभन्दा बढी विस्तार गर्नु हो ।’
राससको सेवा विस्तार हुँदै गए पनि त्यसअनुसार जनशक्तिको कार्यक्षमता बढाउनुपर्नेमा जोड दिँदै मन्त्री गुरुङले राष्ट्रपति, प्रधानमन्त्री, संवैधानिक निकाय र राष्ट्र निर्माणका जिम्मेवार प्रमुखलाई बोलाएर राससमार्फत धारणा सम्प्रेषण गराउनुपर्ने बताए । उनले सङ्घीय मन्त्रालयले गरेका कामका बारेमा राससले समाचार बनाए । ‘२२ वटा मन्त्रालयले के काम गरिरहेका छन् भन्ने कुरा जनताले थाहा पाउनुपर्छ’, उनले रासससँग भने,‘राससले कार्यशैली नीति, रणनीति र ऐन पनि संशोधन गर्नुपर्ने छ ।’
रासस

# ‘भूमिसम्बन्धी समस्या समाधान गर्न कात्तिकभित्रै आयोग गठन हुन्छ’



**नुवाकोट ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले भूमिसम्बन्धी समस्या समाधान गर्न छिट्टै आयोग गठन हुने बताएका छन् ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) नुवाकोटले शनिबार विदुरमा आयोजना गरेको अन्तरक्रिया तथा भेटघाटमा उनले आयोगलाई अधिकारसम्पन्न बनाई कात्तिकभित्रै गठन गर्ने तयारी भइरहेको बताए । ‘विगतका आयोगले काम नगरेको गुनासो धेरै छन् । त्यसमा केही यथार्थ पनि छ । भूमिसम्बन्धी समस्या समाधानका लागि आवश्यकताअनुसार आयोग बनाउन अझै केही कानुनी समस्या छन् तर दलीय र सरकारको सहमतिमा सकेसम्म सबै समस्या समाधान गर्नसक्ने गरेर अधिकार सम्पन्न आयोग गठन हुनेछ । आयोगले गर्ने काममा कानुनी प्रश्न उठ्न नदिन भूमि ऐन, नापी ऐनसहित यससँग सम्बन्धित कानुन निर्माण तथा सुधारमा मन्त्रालय लागिरहेको छ’, मन्त्री अधिकारीले भने ।
अब बन्ने आयोगले विगतका आयोगले गरेका कार्यको दायित्व ग्रहण भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्या समाधानमा केन्द्रित हुने उल्लेख गर्दै उनले बिर्ता र गुठी समस्या समाधानका लागि क्रमशः कानून निर्माण गरेर अगाडि बढ्ने सरकारेको लक्ष्य रहेको बताए । रासस

# सभामुख घिमिरेलाई सांसद लामिछाने पक्राउको जानकारी

**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेलाई प्रतिनिधिसभा सदस्य रवि लामिछाने पक्राउ परेको जानकारी गराइएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीले सभामुखलाई त्यससम्बन्धी जानकारी लेखी पठाएको सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयद्वारा शनिबार जारी सूचनामा उल्लेख छ ।
चितवन निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित लामिछानेलाई कास्की जिल्ला अदालतको पक्राउ अनुमति बमोजिम फौजदारी कसूरको अनुसन्धानका क्रममा पक्राउ गरिएको सूचनामा जनाइएको छ ।
नेपालको संविधानको धारा १०३ को उपधारा ६ मा ‘सङ्घीय संसद्को कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्नेछ’ भनी उल्लेख छ ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति लामिछानेलाई कास्कीको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा अनुसन्धानका लागि शुक्रबार काठमाडौँबाट पक्राउ गरेको थियो । सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गीतेन्द्रबावु (जीबी) राईसँग मिलेर लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको मुद्दा जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ ।
रासस

# ट्राफिक प्रहरीले कागजी चिट नकाट्ने नागरिक एपबाटै जरिवाना तिर्नसक्ने



**काठमाडौँ ।**
ट्राफिक नियम उल्लङ्घन गरेबापत सवारी चालकले ठाउँकाठाउँ नागरिक एपमार्फत जरिवाना तिर्न सक्ने व्यवस्था गरिएको छ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले आइतबारदेखि सवारी नियम उल्लङ्घन गर्ने चालकलाई 'ई–चलान' (डिजिटल चिट) दिने र तत्कालै नागरिक एपमार्फत जरिवाना तिर्न सक्ने प्रणाली कार्यान्वयनमा ल्याउन लागेको प्रमुख प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले जानकारी दिए ।

सवारी नियम उल्लङ्घनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै 'डिजिटल पेमेन्ट' गर्ने व्यवस्था गरिएसँगै सवारी नियम उल्लङ्घनमा जरिवाना तिर्दा हुँदै आएको झन्झट अब अन्त्य हुने विश्वास गरिएको छ । सवारी चालक अनुमतिका लागि 'ट्रायल' पास गरेपछि लाइसेन्स कार्ड आवश्यक नपर्ने व्यवस्था गरिएको छ । यसबाट सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ ।

प्रहरी नायब महानिरीक्षक बोहराका अनुसार पहिलो चरणमा काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लामा डिजिटल चिट व्यवस्था कार्यान्वयनमा ल्याइनेछ । डिजिटल चिट काट्नका लागि ट्राफिक प्रहरीलाई छुट्टै डिभाइस उपलब्ध गराइएको छ ।

यो व्यवस्था कार्यान्वयनमा आएसँगै अब सवारी चालकले चालक अनुमतिपत्र बोक्नु नपर्ने र ट्राफिक प्रहरीलाई नागरिक एपमार्फत चालक अनुमतिपत्र देखाउन सक्नेछन् । नागरिक एपमा चालक अनुमतिपत्र रहेको क्युआर कोड देखाउने व्यवस्था गरिएको छ ।

ट्राफिक प्रहरीले 'इचलान डिजिटल' एपमार्फत सडक नियम उल्लङ्घन गर्ने चालकको मोबाइलमा देखिने उक्त क्युआर कोड स्क्यान गरेर कारबाहीको विवरण प्रविष्ट गर्नेछन् । लगत्तै नागरिक एपमा ट्राफिक नियम उल्लङ्घन कोलममा कसुर र जरिवाना रकमसहितको 'डिजिटल चिट'को विवरण र जरिवाना भुक्तानी गर्ने माध्यम देखाउने व्यवस्था गरिएको छ । यसबाट सवारी चालकले तत्कालै 'डिजिटल वालेट'मार्फत जरिवाना रकम भुक्तानी गर्न सक्नेछन् । रासस

# महिलाद्वारा डेरी उद्योग सञ्चालन, मासिक रु १० लाखको कारोबार



**दमौली ।**
तनहुँको देवघाट गाउँपालिका–५ स्थित चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्थाले सञ्चालन गरेको डेरी उद्योगले डेरी पसल विस्तार गरेको छ । डेरी उद्योगमा सङ्कलन भएको दुग्धजन्य पदार्थ बिक्रीवितरणका लागि सोही वडाको टाउनचोकमा डेरी पसल सञ्चालनमा ल्याइएको हो ।

डेरीबाट उत्पादित दुग्धजन्य वस्तुहरु आफ्ना नियमित उपभोक्ता तथा सर्वसाधारणको सहजताका लागि टाउन चोकमा पसल सञ्चालन गरिएको सहकारीका व्यवस्थापक सङ्गीता ओझाले जानकारी दिए । सहकारीले सञ्चालन गरेको डेरीबाट उत्पादित दुग्धजन्य पदार्थहरु दूध, दही, घ्यु, पनिर, कुल्फी, आइसक्रिम र खुवा अबदेखि उक्त पसलबाट पनि बिक्री वितरण गरिने ओझाले बताए ।

उनका अनुसार डेरी उद्योगमार्फत मासिक रु १० लाखको दुग्धजन्य उत्पादनको कारोबार हुँदै आएको छ । सहकारीलाई देवघाट गाउँपालिकाले दूधमा प्रोत्साहन रकम उपलब्ध गराएको छ भने उत्पादित वस्तुहरुको बजारीकरणमा हेफर इन्टरनेशनल नेपालले सहयोग गर्दै आएको छ ।

देवघाटका महिलाले सञ्चालन गरेको उक्त सहकारीले बचत तथा ऋणको कारोबारसँगै दूध सङ्कलन,दुग्धजन्य वस्तुको उत्पादन, डेरी सञ्चालन, पशुपानलन, तरकारीखेती तथा सामूहिक रुपमा नगदेबालीको खेतीजस्ता आयआर्जनको काममा सदस्यलाई आबद्ध गराउँदै आएको छ ।

उक्त सहकारीमा हाल दैनिक पाँच सय ७० लिटर दूध सङ्कलन हुँदै आएको छ । सङ्कलित दूधलाई आफ्नै भवनमा रहेको उद्योगबाट विभिन्न वस्तु बनाई बिक्री गर्दै आइरहेको सहकारीका अध्यक्ष तारादेवी पन्तले जानकारी दिए ।

उनका अनुसार दूधबाट दुग्धजन्य पदार्थ दूध, दही, घ्यु, पनिर, कुल्फी, आइसक्रिम र खुवालगायत उत्पादन हुँदै आएको छ । सहकारीमा हाल सात सय ९४ जना शेयर सदस्य रहेका छन् ।

सहकारीमा देवघाटको वडा नं १, ४ र ५ का महिला सदस्य छन् । शेयर सदस्यमध्ये अधिकांश पशुपालनमा संलग्न छन् । शेयर सदस्यहरुले उत्पादन गरेको दूध सहकारीले खरिदगरी दुग्धजन्य वस्तु उत्पादनगरी बिक्री गर्दै आइएको छ । उत्पादित दुग्धजन्य वस्तु चितवनको नारायणगढ, भरतपुर, मुग्लिङ, हेटौँडा, कावासोती, गैँडाकोटलगायत बजारमा डेरी पसलमार्फत बिक्री गर्दै आएको छ ।अध्यक्ष पन्तले भने,'बचत सङ्कलन तथा ऋण लगानीमार्फत शेयर सदस्यलाई व्यवसायमा सघाउने तथा उनीहरुको आर्थिक अवस्था सुधार्ने सहकारीको उद्देश्य हो । पछिल्लो समय सहकारीका सदस्य मिलेर समूह बनाएर सामूहिक रुपमा अदुवा र बेसारखेती गरेका छन् ।' रासस

# जुम्लाका किसान मार्सी धान थन्क्याउन व्यस्त

**जुम्ला ।**
जुम्लाकाकिसानलाई मार्सीधान काट्न भ्याइनभ्याइ भएको छ । यहाँ चन्दननाथ–१, चन्दननाथ–३, लेकाली–१ र लेकाली–३ मा उन्नत जातका मार्सीधानको खेती हुँदै आएको छ ।

तातोपानी गाउँपालिका–४ का राजेन्द्र पाण्डेले मार्सीधान काट्न व्यस्त रहेको बताए । दशैँ सकिएसंगै मार्सीधान भ्भ्याउन हतारो भएको सिंजा गाउँपालिकाका जयशङ्कर धितालले बताए ।

गत जेठमा रोपिएको धान कात्तिक लागेसँगै घरमा भ्भ्याउन थालिएको कृषि विकास कार्यालयका प्रमुख बालकराम देवकोटाले जानकारी दिए । पछिल्लो समय मार्सीधानमा मरुवा रोगको जोखिम बढेसँगै किसान उन्नत जाततर्फ आकर्षित हुन थालेका छन् ।

जिल्ला कृषि विकास कार्यालयका अनुसार जिल्लामा दुई हजार आठ सय ५० हेक्टर क्षेत्रफलमा धान खेती



हुने गरेको छ । मार्सीधानको क्षेत्रफल भने बर्सेनि घट्दै गएको छ । गतवर्ष एक हजार पाँच सय हेक्टरमा रोपिएको मार्सीधान यस वर्ष एक सय हजार दुई सय हेक्टरमा झरेको प्रमुख देवकोटाले जानकारी दिए ।

जिल्लाका गुठिचौर र तातोपानी गाउँपालिका, चन्दननाथ नगरपालिका र सिंजा भेगका किसान मार्सीधान काट्न व्यस्त भएको यहाँका स्थानीयवासी बताउँछन् । जिल्ला सदरमुकाम खलङ्गामा रहेका कोशेली घरमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइँमा मार्सी चामल पर्ने गरेको व्यवसायी अर्जुन बुढाले जानकारी दिए । बजारमा मार्सी चामलको माग बढेपछि सुर्खेत, नेपालगञ्ज, काठमाडौँ, पोखरा, बुटवललगायत सहरमा पठाइने गरेको जनाइएको छ ।

जिल्लामा मात्रै पाइने काली मार्सी यसको स्वाद, रोग र किराको प्रतिरोध गर्न सक्ने गुण र पोषक तत्वका कारण जुम्ली मार्सीधानको महत्व अन्तर्राष्ट्रिय क्षेत्रमा पुगेको छ । तत्कालीन राणा शासनको समयमा केन्द्रमा रहेका शासकका लागि यही मार्सीधानको चामल हुलाकबाट काठमाडौँसम्म पुग्ने गरेको जनाइएको छ ।

करिब सात सय वर्षअघि जुम्लीहरुका देवता चन्दननाथले भारतको कास्मिरबाट मार्सी धानको बीउ ल्याएर लाछुज्युलाको गुरुफोक्टोमा धान खेतीको सुरुआत गरेको विश्वास गरिन्छ । जुम्ली मार्सी विश्वको अग्लो स्थानमा फल्ने धानको रूपमा लिइन्छ ।

कृषि विज्ञहरुका अनुसार चिसो हावापानीमा उत्पादन हुने खाद्यान्न र फलफूल निकै स्वादिलो हुन्छन् । त्यसैले जुम्लालगायत हिमालको तल्लो भेग र उच्च पहाडमा फल्ने मार्सी धानको भात निकै मिठो र स्वादिलो हुन्छ । यसको चामलको भात खाँदा धेरै बेरसम्म भोक लाग्दैन । स्वादिलो, आडिलो र स्वस्थकर हुन्छ । मार्सी धानको चामल खैरो रङको हुने गरेको कृषि विकास कार्यालयले जनाएको छ । रासस

# सातौँ अन्र्तराष्ट्रिय आमन्त्रित राइनो गोल्ड कप सुरु



**नवलपरासी ।**
दुर्लभ एकसिङ्गे गैँडासंरक्षणका लागि जनचेतना जगाउने ध्येयले नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को कोल्हुवामा सातौँ अन्तर राष्ट्रिय आमन्त्रित राइनो संरक्षण गोल्ड कप फुटबल प्रतियोगिता सञ्चालन भएको छ । मध्यविन्दु नगरपालिका–२ कोल्हुवास्थित राइनो रङ्गशालामा भएको प्रतियोगितामा 'ए' डिभिजनका तीन वटासहित भारतीय टिमका १२ क्लब सहभागी छन् ।

खेलकुदका माध्यमबाट युवामा वन, वन्यजन्तु एवं वातावरण संरक्षणका लागि चेतनाको विकास र विस्तार गर्ने, खेलकुद तथा पर्या–पर्यटनको वृद्धि गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नेलगायतका उद्देश्यले प्रतियोगिता आयोजना गरिएको राइनो क्लबका अध्यक्ष दोमन भण्डारीले बताए ।

यही कात्तिक १४ गतेसम्म हुने प्रतियोगिताको विजेताले उपाधिसहित रु आठ लाख पुरस्कार हात पार्नेछ । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकलाई पनि आकर्षक पुरस्कारको व्यवस्था रहेको अध्यक्ष भण्डारीले बताए । प्रतियोगिता विसं २०७० देखि सञ्चालन हुँदै आएको छ । रासस

# जी–७ को रक्षा शिखर सम्मेलन नेपल्समा शुरू

**इटाली ।**
मध्यपूर्वमा तनाव बढेको र युक्रेनमाथि दबाब बढ्दै गएको पृष्ठभूमिमा जी–७ का रक्षामन्त्रीहरूले शनिबारदेखि वार्ता शुरु गरेका छन् ।

जी सेभेन राष्ट्रको आलोपालो अध्यक्षता गरेको इटालीले रक्षामन्त्रीस्तरीय पहिलो बैठक दक्षिणी शहर नेपल्समा आयोजना गरेको हो ।

इटालिका रक्षामन्त्री गुइडो क्रोसेट्टोले नाटोका प्रमुख मार्क रुटलगायत सहभागी सबैलाई स्वागत गर्दै भने,'आज हाम्रो उपस्थितिले हाम्रो लोकतान्त्रिक प्रणालीलाई अवरोध गर्न खोज्नेहरूलाई कडा सन्देश दिन्छ भन्ने मेरो बुझाई रहेको छ ।'

क्रोसेट्टोले ब्रसेल्समा अन्तर्राष्ट्रिय समुदायले सामना गरिरहेको धेरै द्वन्द्वलाई मध्यनजर गर्दै आफूले शिखर सम्मेलनका लागि अनुरोध गरेको बताउँदै एक दिने शिखर सम्मेलनमा मध्यपूर्वमा बढ्दो द्वन्द्वबारे छलफल गर्न 'पर्याप्त स्थान' दिइने बताए । युक्रेनमा युद्ध, अफ्रिकामा विकास र सुरक्षा र एशिया–प्रशान्त क्षेत्रको अवस्था पनि एजेन्डामा छ ।

इजरायलले सन् २०२३ को अक्टोबर ७ मा गाजामा भएको विनाशकारी जवाफी युद्धका मुख्य योजनाकार हमासका प्रमुख याह्या सिनवारलाई मारेको घोषणा गरेको दुई दिनपछि यो बैठक हुन लागेको हो । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले सिनवारको प्यालेस्टिनी भूमिमा भएको मृत्युले हमासविरुद्धको युद्धको अन्त्यको सङ्केत गरेको बताएका छन् भने अमेरिकी राष्ट्रपति जो बाइडेनले यसले 'शान्तिको लागि' मार्ग प्रशस्त भएको बताएका छन् ।

इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनी लेबनान पुगेका थिए । लेबनानमा पनि इजरायलले पनि हमासको सहयोगी हिजबुल्लाहसँग युद्ध गरिरहेको छ ।

बेरुतमा बोल्दै मेलोनीले लेबनानमा संयुक्त राष्ट्रसङ्घीय शान्ति सैनिकमाथि भएको आक्रमणलाई 'अस्वीकार्य' भन्दै आलोचना गरेका थिए ।

लेबनानमा रहेको संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा इटालीका करिब एक हजार सैनिक छन् भने अन्य ५० भन्दा बढी देशका सैनिक पनि छन् । युक्रेनका मन्त्रीहरूले युद्धमा जाडो याममा किएभ प्रवेश गर्ने, पूर्वमा युद्धभूमिमा क्षति हुने र डोनाल्ड ट्रम्प अर्को महिना ह्वाइट हाउसमा निर्वाचित भएमा अमेरिकी सैन्य समर्थन घट्ने सम्भावनाबारे विचारविमर्श गर्नेछन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसविरुद्ध विजयी रणनीति बनाउन पश्चिमा मित्रराष्ट्रहरूको बढ्दो दबाबका बीच बिहीबार युरोपेली संघ र नेटोसमक्ष 'विजय योजना' प्रस्तुत गरेका छन् । रासस

# वडाको बजेटमा ज्येष्ठ नागरिकलाई तीर्थाटन

**कञ्चनपुर ।**
बेलौरी नगरपालिका ४ नम्बर वडा कार्यालयले ज्येष्ठ नागरिकलाई दुई वर्षदेखि तीर्थयात्रा गराउँदै आएको छ । वडा कार्यालयले बजेट विनियोजन गरेर देशका प्रमुख तीर्थयात्रामा सरिक गराएको हो ।

चालु आवमा विनियोजन गरिएको रु दुई लाख ५० हजार बजेटबाट २५ जना ज्येष्ठ नागरिक मुक्तिनाथको यात्रामा गएका छन् । यात्रामा सहभागी ज्येष्ठ नागरिक ६८ वर्ष माथिका छन् ।

गत वर्ष ३० जना ज्येष्ठ नागरिकलाई काठमाडौँस्थित पशुपतिनाथ र मनकामना दर्शन गराइएको थियो । वडा कार्यालयबाट ज्येष्ठ नागरिकलाई तीर्थयात्रासँगै निःशुल्क स्वास्थ्यशिविर, न्याना लुगा वितरण हुँदै आएको छ । ज्येष्ठ नागरिकप्रति समाजले आदर गर्नुपर्छ भन्ने भावनाका साथ बजेट विनियोजन गरिएको वडाध्यक्ष अर्जुन ढकालले बताए । रासस

# बाँकेमा धान उत्पादन बढ्ने प्रक्षेपण

**नेपालगञ्ज ।**
बाँकेमा यस वर्ष धानको उत्पादन बढ्ने प्रक्षेपण गरिएको छ । अनुकूल मौसम रसमयमा रोपाइँ भएकाले उत्पादन बढ्ने कृषि ज्ञान केन्द्रले बताएको हो ।

केन्द्रप्रमुख विनोद घिमिरेले किसानको मौसम अनुकूल भएकाले धानको उत्पादन बढेको तर यसलाई मापन गर्न 'क्रस कटिङ'को विधिअनुसार तथ्याङ्क आउनुपर्ने बताए । उनले दशैँअघि नै त्यसका लागि स्थानीय तहसँग समन्वय गरिरहेको बताए । 'हामी फिल्डमा पुग्दा किसान उत्साहित देखिनुहुन्छ, धानको उत्पादन पनि राम्रो भएको देखिएको छ', उनले भने ।

जिल्लाको ३४ हजार पाँच सय दुई हेक्टर क्षेत्रफलमा धान खेती भएको केन्द्रले जनाएको छ । यसवर्ष प्रति हेक्टर कम्तीमा ४.३ मेट्रिकटन धान उत्पादन हुने उनको अनुमान छ ।

ल्लाको राप्ती सोनारी गाउँपालिका–४ वैजापुर निवासी हरेराम चौधरीले गतवर्ष भन्दा यसवर्ष १५ प्रतिशत धानको उत्पादन बढ्ने बताए । उनले समयमा नै पानी परेको र समयमा रोपाइँ भएकाले धानको उत्पादन बढ्ने तर्क गरे । रासस

# पुनहिल–घोडेपानीमा पर्यटक आगमन उत्साहजनक

**म्याग्दी ।**
अन्नपूर्ण गाउँपालिका–६ मा पर्ने पुनहिल–घोडेपानीमा छ महिनामा ११ हजार ६०६ पर्यटकले भ्रमण गरेका छन् । यद्यपि यो गतवर्षको भन्दा कम भएको घोडेपानीस्थित पर्यटक प्रहरी चौकीले जनाएको छ ।

उक्त चौकीका अनुसार गत वर्ष सोही अवधिमा १२ हजार छ सयभन्दा बढी विदेशी पर्यटक उक्त क्षेत्रमा आएका थिए । यो वर्ष ५७ देशका पर्यटक भ्रमणमा आएका छन् । पर्यटक आगमनको याम आरम्भ भएकाले कात्तिकमा पर्यटक बढ्ने घोडेपानी टोल सुधार समितिका उपाध्यक्ष जुलीठकुरी पुनले बताए । आन्तरिक पर्यटकका निम्ति १० प्रतिशत छुटको व्यवस्था त्यहाँका होटलले गरेका छन् । पर्यटकको आगमनबाट आफूहरू उत्साहित भएको उनले बताए ।

कोरोना महामारीअघि वार्षिक ७० हजार पर्यटक आउने घोडेपानीमा २०८० मा ३१ हजार र २०७९ मा २६ हजार विदेशी पर्यटक आएका चौकीको अभिलेखमा उल्लेख छ । अन्नपूर्ण परिक्रमा गरी तातोपानी हुँदै कास्कीको विरेठाँटी–उल्लेरी, छोम्रोङ–घान्द्रुक–टाडापानी, नागी–महरेबाट पर्यटक घोडेपानी भित्रिने गरेका छन् । रासस

# चाडपर्वका बेला पनि विदेशिने क्रम घटेन

**काठमाडौँ ।**
चाडपर्वका बेला पनि वैदेशिक रोजगारीमा जानेहरूको सङ्ख्या निरन्तर बढिरहेको छ । वैदेशिक रोजगार विभागका अनुसार गत असोजमा श्रम स्वीकृति लिएर ५३ हजार पाँच सय २५ जना विदेशिएका छन् । असोजमा १७ हजार सात सय २४ जना नेपाली संयुक्त अरब इमिरेट्स, १० हजार चार सय ६८ जना साउदी, नौ हजार सात सय ९८ जना कतारमा, तीन हजार आठ सय सात जना कुबेत र एक हजार तीन सय १४ जना मलेसिया गएका छन् ।

यसैगरी, असोजमा युरोपेली मुलुक रोमानिया क्रोएशिया, साइप्रस, माल्टा र पोर्चुगल जानेको सङ्ख्यामा पनि वृद्धि भएको छ । गत भदौमा ५७ हजार चार सय ९३ जना नेपाली रोजगारीका लागि विदेसिएका थिए । रासस

# यस्तो हुन्छ लोकसेवा आयोगको अन्तर्वार्ता प्रक्रिया (२५ कुरा जानिराखौं)




**१. पृष्ठभूमि**

लोकसेवा आयोग नेपालको निजामती सेवामा आवश्यक पर्ने जनशक्ति आपूर्ति गर्ने एक संवैधानिक निकाय हो । यसले निजामती सेवामा आवश्यक पर्ने कर्मचारी नियुक्तिका लागि शैक्षिक योग्यता र पाठ्यक्रम तोक्ने, रिक्त पदको माग सङ्कलन गर्ने, विज्ञापन गर्ने, दरखास्त लिने, दरखास्त रुजु गर्ने, स्वीकृत गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन गर्ने, अन्तर्वार्ता लिने एवं सिफारिस गर्ने जस्ता महत्वपूर्ण कार्य गर्दै आएको छ ।

हाल आएर सुरक्षा निकाय, सङ्गठित संस्था एवं सार्वजनिक संस्थानका पदमा पदपूर्तिको लागि लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी लोकसेवा आयोगलाई थप भएको छ । यसै व्यवस्था अनुसार नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागजस्ता सुरक्षा निकाय तथा नेपाल टेलिकम, नेपाल विद्युत् प्राधिकरण, नेपाल वायुसेवा निगम लगायतका सार्वजनिक संस्थानहरूमा लोकसेवा आयोगले परीक्षा लिँदै आएको छ ।

लोकसेवा आयोगले गर्ने यस्ता कार्य नेपालको संविधान, लोकसेवा आयोग ऐन २०६६, लोकसेवा आयोग नियमावली २०६७, लोकसेवा आयोग (कार्य संचालन) निर्देशिका २०६७ र लोकसेवा आयोगका पदाधिकारी एवं दक्ष÷विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०६९ अनुसार गर्दछ । लोकसेवा आयोगले गर्ने यस्ता कार्य निष्पक्ष र आवश्यकता अनुसार गोप्य हुने गर्दछन् ।

लोकसेवा आयोगले कर्मचारीको भर्नादेखि छनौटसम्म गर्ने सबै कार्य अत्यन्त स्वतन्त्र र हस्तक्षेपमुक्त वातावरणमा सम्पन्न हुन्छन् । यसले गर्ने कार्यमा शङ्का, आग्रह एवं पूर्वाग्रह गर्ने कुनै ठाउँ हुँदैन । लोकसेवा आयोग यस्तो पवित्र संस्था हो, जसले धनी, गरिब, पहुँच भएका, नभएका, जातजाति, धर्म, क्षेत्रीयता आदि केही पनि हेर्दैन । यसले तोकिएको शैक्षिक योग्यता र व्यक्तिको क्षमता मात्र हेर्दछ । यो आफ्नो कार्य गर्नमा कानूनी र संस्थागत दुवै दृष्टिले स्वतन्त्र र स्वायत्त छ । त्यसैले यसले गर्ने कार्यमा कहिलेकाहीँ सानो मानवीय गल्ती बाहेक अरू कार्यमा दोष दिने कुनै ठाउँ देखिएको छैन । यसले गर्ने कार्य अन्तर्गत अन्तर्वार्ता पनि एउटा प्रमुख कार्य हो, जुन लिखित परीक्षामा सफल भएपछि मात्र सुरु हुन्छ ।

**२. अन्तर्वार्ता के हो ?**

निजामती सेवामा प्रवेशका लागि योग्य व्यक्ति छनौट गर्न लोकसेवा आयोगले लिखित परीक्षामा सफल भएका उम्मेदवारबाट मात्र लिने मौखिक जाँच अन्तर्वार्ता हो । अन्तर्वार्ता एउटा यस्तो संवाद हो, जसमा व्यक्तिको विचार, दृष्टिकोण, भावना, सोचाई, पद र सोको गरिमा, मूल्य मान्यता, कार्य गर्नसक्ने क्षमता लगायत समग्र पक्षको परीक्षण हुन्छ ।

**३. अन्तर्वार्तामा कति परीक्षार्थी सहभागी हुन्छन् ?**

लिखित परीक्षाको नतिजामा सफल भएका परीक्षार्थी मात्र अन्तर्वार्तामा सहभागी हुन पाउँछन् । लिखित परीक्षाको नतिजामा रिक्त पदमा निम्न बमोजिम थप सङ्ख्या समावेश गरी अन्तर्वार्तामा सहभागी गराउने व्यवस्था छः

| सि.नं. | रिक्त पद संख्या | थप हुने संख्या | अन्तर्वार्तामा सहभागी हुने संख्या |
|---|---|---|---|
| १ | १ देखि ५ सम्म भएमा | २ | ३ देखि ७ सम्म |
| २ | ६ देखि १० सम्म भएमा | ३ | ९ देखि १३ सम्म |
| ३ | ११ देखि १५ सम्म भएमा | ४ | १५ देखि १९ सम्म |
| ४ | १६ देखि २० सम्म भएमा | ५ | २१ देखि २५ सम्म |
| ५ | २१ देखि २५ सम्म भएमा | ६ | २७ देखि ३१ सम्म |
| ६ | २६ देखि ३० सम्म भएमा | ७ | ३३ देखि ३७ सम्म |
| ७ | ३१ देखि ३५ सम्म भएमा | ८ | ३९ देखि ४३ सम्म |
| ८ | ३६ देखि ४० सम्म भएमा | ९ | ४५ देखि ४९ सम्म |
| ९ | ४० र सो भन्दा माथि | २०% | |

माथिको तालिका अनुसार एक रिक्त पदका लागि तीनजना, दुई रिक्त पदका लागि चारजना, तीन रिक्त पदका लागि पाँचजना, चार रिक्त पदका लागि ६ जना, पाँच रिक्त पदका लागि सातजना अन्तर्वार्तामा सहभागी हुन्छन् । लिखित परीक्षाको नतिजामा परीक्षार्थीको नाम दोहोरिएमा सोही अनुसार उम्मेदवार थप गरेर अन्तर्वार्तामा सहभागी गराउने व्यवस्था छ ।

**४. कुन पदको अन्तर्वार्ता कुन कुन कार्यालयले लिन्छ ?**

लोकसेवा आयोगले लिने अन्तर्वार्ता मध्ये हालको व्यवस्था अनुसार खरिदार वा सो सरहको पदको अन्तर्वार्ता लोकसेवा आयोगको अञ्चल कार्यालयले, नायब सुब्बा वा सो सरहको पदको अन्तर्वार्ता लोकसेवा आयोगको क्षेत्रीय कार्यालयले र शाखा अधिकृत, उपसचिव, सहसचिव वा सोसरहको पदको अन्तर्वार्ता लोकसेवा आयोगको केन्द्रीय कार्यालयले लिने गर्दछ । यो व्यवस्था प्रदेश लोकसेवा आयोग गठन भए पश्चात केही परिवर्तन हुन सक्छ ।

**५. अन्तर्वार्ता समिति र सदस्यहरूको संख्या**

लोकसेवा आयोगको केन्द्रीय कार्यालयमा हुने अन्तर्वार्ता समितिमा अन्तर्वार्ता समितिको अध्यक्ष, दक्ष एवं विशेषज्ञ गरी कम्तिमा तीनजना सदस्य हुन्छन् । आयोगको क्षेत्रीय र अञ्चल कार्यालयमा हुने अन्तर्वार्ताका लागि सम्बन्धित कार्यालय प्रमुखको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन हुन्छ । अन्तर्वार्ता समिति अन्तर्वार्ता हुनुभन्दा एक दिन अगाडि गठन हुने व्यवस्था छ ।

**६. अन्तर्वार्ता मूल्याङ्कन प्रक्रिया**

अन्तर्वार्ता समितिको अध्यक्ष र सदस्यहरू अन्तर्वार्ता लिने कोठाभित्र पृथक पृथक बस्छन् । उनीहरूले सामान्यतयाः पालो गरेर प्रश्न गर्दछन् । एकले दिने अङ्क अर्कोले देख्न नपाउने व्यवस्था हुन्छ । पृथक पृथक रूपमा परीक्षार्थीको गोप्य मूल्याङ्कन गरिन्छ । उनीहरूले प्रश्नको उत्तरप्रति तटस्थ र वस्तुनिष्ठ भएर व्यक्तिको मूल्याङ्कन गर्दछन् । अन्तर्वार्ता समितिका अध्यक्ष र सदस्यले अन्तर्वार्ता भइरहेको अवस्थामा व्यक्तिको मूल्याङ्कन खेस्रा कागजमा गरी सबै उम्मेदवारको अन्तर्वार्ता समाप्त भएपछि मात्र फाराममा अङ्क चढाउने गर्छन् ।

अन्तर्वार्तामा भाग लिने उम्मेदवारसँग अन्तर्वार्ता समितिको अध्यक्ष वा सदस्य नाता पर्ने भएमा अन्तर्वार्ताकार उक्त अन्तर्वार्तामा बस्न नपाउने व्यवस्था छ । अन्तर्वार्तामा अन्तर्वार्ताकारले दिन पाउने कुल अङ्कको अधिकतम ७० प्रतिशत र न्यूनतम ४० प्रतिशत अङ्कको सीमा तोकिएको हुन्छ । त्यही सीमा भित्र अङ्क दिइन्छ । सीमा बाहिर गएर अङ्क दिनु पर्दा स्पष्टीकरण दिनु पर्ने हुन्छ । सामान्यतयाः सीमा बाहिर हालसम्म कोही नगएको भन्ने बुझिएको छ । सवैले दिएको अङ्क जोडेर सदस्य संख्याले भाग गरी अन्तर्वार्ताको औसत अङ्क निकाल्ने चलन छ । यही भएर पनि अन्तर्वार्तामा खासै अन्तर पर्दैन ।

**७. अन्तर्वार्तामा अङ्कभार कति हुन्छ ?**

लिखित परीक्षाको पूर्णाङ्क १०० भएमा अन्तर्वार्ताको अङ्कभार २० हुन्छ । यसपछि लिखित परीक्षा पूर्णाङ्कमा थप हुने प्रत्येक १०० पूर्णाङ्क भित्र अन्तर्वार्ताको अङ्कभार १० अङ्कका दरले थप हुने व्यवस्था छ । जस्तैः लिखित परीक्षाको पूर्णाङ्क क्रमशः १००, २००, ३०० र ४०० भएमा अन्तर्वार्ताको अङ्कभार क्रमशः २०, ३०, ४० र ५० हुन्छ ।

**८. अन्तर्वार्ता कति समयसम्म हुन्छ ?**

सामान्यतया अन्तर्वार्ता आधा घण्टादेखि एक घण्टासम्म हुन सक्छ । पद, पदले गर्ने कार्य, व्यक्ति र उसको क्षमता, अन्तर्वार्तामा उठेका विषय, रोचकता आदिले समय तलमाथि पर्न सक्छ ।

**९. अन्तर्वार्तामा के के कागजपत्र लानु पर्छ ?**

अन्तर्वार्तामा जाँदा प्रवेशपत्र, दुई प्रति तस्बिर, आफ्नो शैक्षिक योग्यता, नागरिकता र आपूmमा कुनै काम गरेको आवश्यक पर्ने अनुभव भए सोको सक्कल र प्रतिलिपि लानु पर्दछ ।

**१०. अन्तर्वार्ता गर्दा अन्तर्वार्ताकारले ध्यान दिनु पर्ने कुरा**

अन्तर्वार्ताकारले अन्तर्वार्ता लिँदा ध्यान दिनु पर्ने कुराको पनि लोकसेवा आयोगले व्यवस्था गरेको छ । अन्तर्वार्ताकारले मूलतः पदको कार्यविवरण, दरखास्त विवरण अध्ययन, सेवा समूह सम्बन्धी ज्ञान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धी ज्ञान, कामको अनुभव, रुचि, व्यक्तित्व परीक्षण, अतिरिक्त क्रियाकलाप जस्तैः– सामाजिक सङ्लग्नता, खेलकुद आदिजस्ता कुरामा ध्यान दिई प्रश्न गर्नुपर्ने व्यवस्था छ ।

**११. अन्तर्वार्तामा सोध्न सक्ने प्रश्नको अनुमान गर्न सकिन्छ ?**

सामान्यतया अन्तर्वार्तातामा पदसँग सम्बन्धित पाठ्यक्रम, पदले गर्नुपर्ने कार्य, संविधान, संस्थासँग सम्बन्धित ऐन, नियम, सार्क, संयुक्त राष्ट्र सङ्घ, समसामयिक राजनीतिक, आर्थिक एवं प्रशासनिक विषय, आफ्नो पूर्व अनुभव, आफ्नो रुचिको क्षेत्र, आफ्नो शैक्षिक योग्यता आदि जस्ता विषयमा प्रश्न आउने गर्दछन् । यिनै विषयमा तयारी गर्दा आफूले अपेक्षा गरेका प्रश्न आउन सक्छन् । अर्को कुरा लोकसेवा आयोगले लिखित परीक्षामा सफल भएका सबै जनाको अन्तर्वार्ता एकै दिन लिन सक्दैन, आफ्नो पालोभन्दा अगाडिका परीक्षार्थीहरूलाई के–कसरी प्रश्न सोधनी भएको छ, सो बारेमा जानकारी लिन सकेमा पनि सम्भावित प्रश्नको अनुमान गर्न सकिन्छ ।

**१२. अन्तर्वार्ताको दिन के गर्ने ?**

अन्तर्वार्ताको अघिल्लो दिनबाट नै अन्तर्वार्ताका लागि मानसिक रूपमा तयार हुनुपर्दछ । सरसफाई, डे«स, कागजपत्र तयार गर्नुपर्दछ । खानपिनमा ध्यान दिनुपर्दछ । सकारात्मक सोचाइ बृद्धि गर्नुपर्छ । अन्तर्वार्ताको अघिल्लो रात आरामसँग निदाउनुपर्दछ । अन्तर्वार्ताको दिन फ्रेस हुनुपर्दछ, असजिलो महसुस गर्नु हुँदैन ।

**१३. अन्तर्वार्तामा कस्तो पोशाक लगाउने ?**

अन्तर्वार्तामा डे«स साधारण हुनुपर्दछ । डे«स तडकभडकयुक्त हुनु हुँदैन । पुरुषले सुट, महिलाले सुट, कुर्तासलवार वा साडी लगाउँदा राम्रो हुन्छ । पोशाकका कारणले अन्तर्वार्ता कोठाभित्र आफूलाई अप्ठयारोमा पार्नु हुँदैन ।

**१४. अन्तर्वार्ताको दिन लोकसेवा कति समय पहिले पुग्ने ?**

अन्तर्वार्ताको दिन लोकसेवामा गएर केही फाराम भर्नु पर्ने हुन्छ, त्यसैले सकेसम्म अन्तर्वार्र्ता सुरु हुनु पूर्व कम्तिमा एक घण्टा अगाडि नै पुग्नु पर्दछ ।

**१५. अन्तर्वार्ता कोठाभित्र के गर्ने ?**

अन्तर्वार्ता कोठाभित्र प्रवेश गर्दा पालो गरेर नाम बोलाइन्छ । ढोका भित्र प्रवेश गरेपछि अन्तर्वार्ता समितिका सवै सदस्यलाई एकैपटक सामूहिक रूपमा नमस्कार गर्ने र सवैलाई नजर पु–याएर हेर्नु पर्दछ । ढोकाभित्र प्रवेश गर्दा सुरुमा डर लाग्न सक्छ तर डर मान्नु हुँदैन, कसैगरी डर लागेमा अन्तर्वार्ताको क्रममा गफ गर्दै जाँदा त्यो डर आफैँ हराएर जान्छ ।

**१६. कुर्सीमा बस्दा ध्यान दिनु पर्ने कुरा**

अन्तर्वार्ता कोठाभित्र प्रवेश गरेपछि आफ्ना लागि छुट्टै कुर्सीको व्यवस्था गरेको देखिन्छ । अन्तर्वार्ता समितिको अध्यक्षले कुर्सीमा बस्नुहोस् भन्नुहुन्छ र त्यसपछि कुर्सीमा बस्नुपर्दछ । कुर्सीमा बस्दा खुट्टा तल झारेर बस्नुपर्दछ । खुट्टा माथि खुट्टा चढाउनु हुँदैन । कुर्सीमा बसाइ, लुगा लगाइ, बोलाइ र हेराइ सबैमा व्यक्तिको अनुशासन झल्किनु पर्दछ ।

**१७. अन्तर्वार्ता सुरुवात कसरी हुन्छ ?**

कुर्सीमा आसन ग्रहण गरिसकेपछि सामान्यतयाः अन्तर्वार्ता समितिको अध्यक्षले तपाईंको परिचय दिनुहोस् भन्नुहुन्छ । यसैबाट अन्तर्वार्ता सुरु हुन्छ । परिचयमा खासगरी आफ्नो नाम, ठेगाना, शैक्षिक योग्यता, कार्यरत भए हाल कार्यरत पद र कार्यालयको नाम, कार्यरत नभए लोकसेवा अध्ययन आदि भनिदिए पुग्छ ।

**१८. अन्तर्वार्तामा प्रश्नमाथि प्रश्न हुन सक्छ ?**

अन्तर्वार्ता समितिका सदस्यले प्रश्न गर्दा सरल भाषामा प्रश्न गर्नु पर्ने, व्यक्तिको शैक्षिक उपाधि, अभिरुचि, मनोवृत्ति एवं पदको स्तरसँग तालमेल हुने गरी प्रश्न गर्ने, व्यक्तिले उत्तर दिन नसकेका क्षेत्रमा पुनः प्रश्न नगर्ने, उम्मेदवारको उत्तरप्रति अनावश्यक रूपमा कडा प्रतिक्रिया नदिने जस्ता व्यवस्था भएपनि अन्तर्वार्ता समितिका सदस्यले कहिलेकाहीँ कसैलाई प्रश्नमाथि प्रश्न गर्न सक्छन् । उत्तर दियो, फेरि प्रश्न गर्ने, उत्तरलाई घुमाइदिने, उत्तर होइन भनिदिने, तपाईंको कुरामा म सहमत छैन भनिदिने, तपाईं धेरै नकारात्मक हुनु भयो भन्ने आदि जस्ता व्यवहार गर्न सक्छन् ।

यस्तो अवस्था आएमा आफू परिपक्क हुनुपर्दछ । आत्तिनु हुँदैन । रातोपिरो हुनु हुँदैन । सहज वातावरण बनाउनु पर्छ । आत्मवल बढाउनु पर्दछ । प्रश्नमाथि प्रश्न गर्दा थप प्रष्ट पारिदिनु पर्दछ । आफूलाई ज्ञान भएको विषयमा बढी जोड दिनुपर्दछ । आफूलाई नआउने प्रश्न सजिलै आउँदैन भन्नु पर्दछ । अन्तरवार्तामा कति उत्तर मिल्योभन्दा पनि कसरी कस्तो वातावरणमा अन्तर्वार्ता लिइयो त्यो ठूलो हुन्छ । सबै प्रश्नको उत्तर सबैले भन्न सकिदैन । राम्रो व्यवहार, स्पष्ट उत्तर र सबैलाई समान नजर दिएमा सामान्यतयाः अन्तर्वार्ता सफल भएको मान्न सकिन्छ ।

**१९. आई कन्ट्याक्ट भनेको के हो ?**

अन्तर्वार्ता दिने व्यक्तिले प्रत्येक अन्तर्वार्ताकारलाई आँखामा बराबर नजर लगाउने कार्य भ्थभ ऋयलतबअत हो । अन्तर्वार्ता समितिका कुनै एक सदस्यले गरेको प्रश्नको उत्तर दिँदा उनलाई मात्र एकोहोरो नहेरी अरू सदस्यलाई पनि बराबर हेर्नुपर्ने हुन्छ । यसले सवैलाई समान व्यवहार र समान महत्व दिएको देखिन्छ । अतः भ्थभ ऋयलतबअत राम्ररी गर्नुपर्दछ ।

**२०. अन्तर्वार्ता कोठाभित्र अन्तर्वार्ताकारको व्यवहार कस्तो हुन्छ ?**

अन्तर्वार्ता समितिका अध्यक्षले आफ्नो र अरू सदस्यको परिचय दिन पनि सक्छन् नदिन पनि सक्छन् । त्यसमा आफूले उनीहरूको परिचय माग्नु हुँदैन । उनीहरू आफूप्रति अत्यन्त सकारात्मक हुन्छन् । उनीहरूले कसैलाई पनि आग्रह पूर्वाग्रह राख्दैनन् । उनीहरू व्यक्तिको व्यक्तित्व परीक्षण गर्नमा बढी केन्द्रीत हुन्छन् । उनीहरूले आपसमा कार्यविभाजन गरेका हुन्छन्, सोही अनुरूप आलोपालो गरेर प्रश्न गर्दछन् । बीच बीचमा छड्के प्रश्न पनि हुन सक्छ । अन्तर्वार्ता समितिको अध्यक्षले अन्तर्वार्ताको समन्वय गरेका हुन्छन्, जुन कुरा ढोका भित्र प्रवेश गरेपछि प्रष्ट थाहा हुन्छ ।

**२१. अन्तर्वार्तामा हतोत्साहित नहुन के गर्ने ?**

लोकसेवा आयोगको लिखित परीक्षा पास गरेपछि मात्र अन्तर्वार्ताको चरण सुरु हुन्छ । लिखित परीक्षा पास गर्नका लागि आफूले गरेको मेहनत सम्झनु पर्दछ, मैले लिखित परीक्षा तयारीमा ठूलो दुःख गरेर अन्तर्वार्तासम्म आइपुगे, अब म आत्तिनु हुँदैन, म हतोत्साहित हुनु हुँदैन भनेर आत्मैदेखि डर, चिन्ता, भय हटाउनु पर्दछ । यसो गर्दा हतोत्साहित हुनबाट बच्न सकिन्छ ।

**२२. अन्तर्वार्ता सकेर कोठा बाहिर निस्कदा के गर्ने ?**

अन्तर्वार्ता क्रम चलिरहन्छ, समय बित्दै जान्छ । आफूलाई समय बितेको पत्तै हुँदैन । अन्तर्वार्ता समितिका अध्यक्षले तपाईंको अन्तर्वार्ता समाप्त भयो जान सक्नुहुन्छ भन्नु हुन्छ, त्यसपछि उठेर सवैलाई नजर लगाउँदै सामूहिक नमस्कार गरेर बाहिर निस्कनु पर्दछ । कहिलेकाहीँ बाहिर निस्कने बेलामा अन्तर्वार्र्ताकारले प्रश्न गर्न सक्छन् तपाईंलाई आजको अन्तर्वार्र्ता कस्तो लाग्यो भनेर । यस्तो बेलामा मलाई अन्तर्वार्ता साह्रै राम्रो लाग्यो । हजुरहरुको व्यवहार सकारात्मक रहेछ, तपाइहरूको व्यवहारबाट म असाध्यै प्रभावित भए । आज म धेरै खुसी छु, समग्रमा अन्तर्वार्ता सफल भएको जस्तो लाग्दछ भनेर छोटो र मिठो बोल्ने प्रयास गर्नुपर्दछ ।

**२३. अग्रिम अन्तर्वार्ताको व्यवस्था**

लिखित परीक्षामा उत्तीर्ण भएको कुनै उम्मेदवारले मनासिव कारण जनाई लोकसेवा आयोगले तोकेको मितिभन्दा अगाडि अन्तर्वार्ता लिई दिन कारण उल्लेख गरी निवेदन दिएमा निवेदन मनासिव देखिए आयोगले उक्त व्यक्तिको लागि अग्रिम अन्तर्वार्ताको व्यवस्था गर्न सक्छ । यसरी हुने अग्रिम अन्तर्वार्तामा सहभागी हुने व्यक्तिले लोकसेवा आयोगले निर्धारण गरे बमोजिमको दस्तुर बुझाउनु पर्ने व्यवस्था छ ।

**२४. छुट अन्तर्वार्ताको व्यवस्था**

कुनै उम्मेदवार काबु बाहिरको परिस्थिति परेमा, सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा, किरिया बस्नु परेमा, सुत्केरी भएमा, आकस्मिक बिरामी भएमा जस्ता कारणले लोकसेवा आयोगले तोकेको अन्तर्वार्ताको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाणसहित किरिया बस्नुपरेको हकमा १५ दिनभित्र र अन्य अवस्थाको हकमा सात दिनभित्रमा निवेदन दिएमा निवेदन मनासिव देखिए आयोगले उक्त व्यक्तिको छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्दछ । यसरी हुने छुट अन्तर्वार्तामा सहभागी हुने व्यक्तिले लोकसेवा आयोगले निर्धारण गरे बमोजिमको दस्तुर बुझाउनुपर्ने व्यवस्था छ ।

**२५. अन्तर्वार्ताबाट हटाउने र दरखास्त रद्द गर्ने व्यवस्था**

लिखित परीक्षामा उत्तीर्ण भई अन्तर्वार्ताका लागि छनोट भएको कुनै व्यक्तिले निजामती सेवामा प्रवेश पाउने उद्देश्यले आफ्नो शैक्षिक योग्यता, उमेर, नागरिकता, अनुभव आदि ढाँटेको देखिएमा लोकसेवा आयोगले निजलाई अन्तर्वार्तामा समावेश नगर्ने र निजको दरखास्त फारामसमेत रद्दगर्ने व्यवस्था छ । यही व्यवस्था अनुसार लोकसेवा आयोगले लिखित परीक्षामा उत्तीर्ण भई अन्तर्वार्ताका लागि छनोट भएका यस्ता प्रकृतिका उम्मेदवारलाई अन्तर्वार्ताबाट हटाई निजको दरखास्त फाराम रद्द गर्दै आइरहेको छ ।

अन्तमा, अन्तर्वार्ता एउटा संवाद हो, जसमा दोहोरो वार्तालापबाट व्यक्तिको व्यक्तित्वको परीक्षण हुन्छ । अन्तर्वार्तामा खासगरी आफूलाई चाहिएको पद र पदको कार्यविवरण, आफ्नो कुनै कार्ययोजना, शैक्षिक योग्यता र मुख्य विषय, राष्ट्रिय अन्तर्राष्ट्रिय समसामयिक विषयको सामान्य जानकारी जस्ता विषयमा ध्यान दिई मुख्यतः आफूमा आत्मबल बढाउनु पर्दछ । यसबाट अन्तर्वार्तामा सफल हुन सकिन्छ । गोरखापत्र

# रवि लामिछाने पक्राउको विरोधमा वीरगंजमा प्रदर्शन




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई पक्राउ गरिएको विरोधमा वीरगंजमा पनि प्रदर्शन गरिएको छ । रास्वपाका नेता तथा कार्यकर्ताहरुले प्रदर्शन गरेका हुन् ।
शनिबार दिउँसो वीरगंजको क्लासिक बैंक्वेटमा भेला भई रास्वापका नेता तथा कार्यकर्ताहरुले त्यहाँबाट नाराबाजी गर्दै जुलुश निकालेर नगर परिक्रममा गरेका हुन् । जुलुशमा सहभागीहरुले सरकारको विरोध र लामिछानेको समर्थनमा नाराबाजी गरेका थिए । त्यस्तै रास्वापका कार्यकर्ताले नेपाल सरकार मर्यो भन्दै सरकारको शव यात्रा पनि निकालेका थिए ।
एक समूहले नाराबाजीसहित जुलुश प्रदर्शन गरिरहेका बेला अर्को समुहले मिनाबजार क्षेत्रबाट प्रतिकात्मक रुपमा सरकारको शव यात्रा निकालेर घण्टाघर चोकमा पुगेको जुलुशमा पुगेर मिसिएको थियो ।
त्यसक्रममा प्रहरीले हस्तक्षेप पनि गरेको थियो । जुलुश र शव यात्रापछि घण्टाघर चोकमा आयोजित कोणसभामा बोल्दै रास्वपाका जिल्ला अध्यक्ष हरि पन्तले सरकारले राजनीतिक प्रतिशोध साध्नकै लागि पार्टी सभापति लामछिनेलाई पक्राउ गरेको बताए ।
सहकारी ठगी प्रकरणको छानबिन गर्न गठित संसदीय छानबिन समितिले समेत निर्दोष साबित गरिसक्दा पनि रास्वपा र लाममिछानेलाई सिध्याउने नियतमा लागेर राज्यका सबै शक्तिहरु लागेको उनले आरोप लगाए ।

# घडीअर्वा पोखरीमा छठको तयारी सुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको घडीअर्वा पोखरीमा आसन्न छठपर्वको तयारी थालिएको छ । छठ पूजा व्यवस्थापन समिति घडीअर्वा पोखरीका अध्यक्ष दिलीप साहले विगतका वर्षमा जस्तै यस वर्ष पनि घडीअर्वा पोखरीमा छठ पूजाको तयारी थालिएको बताए । उनले भने, 'घडीअर्वा पोखरीमा छठको पण्डाल र झिलिमिली र झकिझकाउ सजावटले पनि धेरै दशनार्थीलाई आकर्षित गर्दै आइरहेको छ । पण्डाल र लाइट व्यवस्थापनको जिम्मेवारी दिइसकेका छौँ ।' तराई–मधेशका महिलाले छठ पूजा गर्नाले आफ्नो परिवार र सन्ततीको सुख समृद्धिको कामना गर्दै मनाउने गर्छन । यस वर्ष छठ पर्वको मुख्य दिन यही कात्तिक २२ गते कातिक शुक्ल षष्ठीको दिन परेको छ । छठपर्व विशेष गरी कात्तिक शुक्ल चतुर्थीका दिनदेखि आरम्भ भएर षष्ठीको दिनसम्म मनाउने गरिन्छ । घडीअर्वा स्पोर्ट्स क्लबका अध्यक्ष सन्तोषकुमार साहले २०६० सालदेखि घडीअर्वा पोखरीमा छठपूजा मनाउँदै आइरहेको बताए । 'छडपूजा गर्ने दर्शनार्थीलाई सहज र सुलभ ढङ्गले पूजा गर्न सकियोस् भनेर नै व्यवस्थापन गर्न लागिएको हो,' उनले भने । छठपूजा व्यवस्थापन समितिका सहसचिव प्रभाकर गुप्ता विगतका वर्षमा भन्दा पनि यो आकर्षक खालका बत्ती र पण्डाल राखिने बताए ।
'छठ पूजाको मुख्य आकर्षण भनेको नै पण्डाल हो । पण्डालमा जति धेरै आर्कषण ल्याउन सकिन्छ । त्यति नै सुन्दर र भव्य देखिनेछ,' उनले भने, 'घडीअर्वा पोखरीमा छठको सजावट र डेकोरेसन हेर्नका लागि पनि मुलुकका विभिन्न ठाउँबाट आउने परम्परा जस्तै भइसकेको छ । अब हामीले तेस्रो मुलुकबाट आउने पर्यटकलाई पनि छठको रौनकता देखाउन जरुरी भइसकेको छ ।' सहसचिव गुप्ताले घडीअर्वा पोखरीको सजावट र डेकेरेसनले मुलुकभरका दर्शनार्थीलाई मोहित पार्ने भएकाले पनि यस वर्ष एक लाखभन्दा धेरै दर्शनार्थीले घडीअर्वा पोखरीको अवलोकन गर्ने दाबी गरे । समितिका अध्यक्ष कानुले छठ पूजाको सजावट र व्यवस्थापनको लागि करिव १७ लाख रुपैयाँ खर्च लाग्ने अनुमान रहेको जानकारी दिए । 'छठपर्वका लागि आवश्यक पर्ने खर्चका व्यवस्थापनको लागि ऐच्छिक रुपमा दुई सय ५० को टिकट काट्ने व्यवस्था गरेका छौँ,' उनले भने, 'छठ पर्वमा घडिअर्वा पोखरी दर्शन र पूजापाठका लागि भने कुनै शूल्क लाग्ने छैन ।' समितिका अनुसार विगतका वर्षमा जस्तै यो वर्ष पनि घडीअर्वा पोखरीको चारैतर्फ झिलिमिलि बत्ती, पण्डाल र रङ्गीचङ्गी फूलहरुले सजावट गरिनेछ ।

# करेन्टबाट बच्न रौतहट प्रहरीको १० बुँदे सूचना

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहट प्रहरीले करेन्ट लागेर मृत्यु हुने घटनामा वृद्धि भएसँगै सचेतनाका लागी १० बुँदे सूचना जारी गरेको छ । जिल्लामा छोटो अवधिमै करेन्ट लागेर ८ जनाको मृत्यु भएपछि त्यस्ता घटनाबाट जोगिन सर्वसाधारणको सचेतनाको लागि सूचना जारी गरिएको रौतहट प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताउनुभयो । विद्युतीय करेन्ट बाट जोगिन जिल्ला प्रहरी कार्यालय रौतहटले खाली खुट्टा वा पानी जमेको स्थानमा बिजुलीको काम नगर्न, बिजुली सम्बन्धी मर्मतको काम बिजुली मिस्त्रीबाट मात्र गराउन, घरमा वायरिङ गराउँदा कमसल पुरानो वा जोडजाड गरिएको तार प्रयोग नगर्न सकभर अन्डर ग्राउन्ड वायरिङ गरेर मात्रै बिजुलीको काम गर्न आग्रह गरेको छ ।
त्यस्तै घरमा बिजुलीको बोर्ड राख्दा साना बालबालिकाले छुन नसकिने उचाइमा राख्न, घरको एक ठाउँ बाट अर्को ठाउँ वा एउटा कोठा बाट अर्को कोठामा आफ्नो सुविधा अनुकूल हुनेगरी जथाभाबी तार नझुन्ड्याउन, जोखिम र सुरक्षालाई ध्यान राख्न, खेतमा पानी पठाउन सिँचाइ मिटरको प्रयोग गरी मात्र पानी तान्ने मोटर जडान गर्न, रातको समय वा अँध्यारोमा बिजुलीको तार चलाउने, मर्मत कार्य गर्ने वा खेतमा पानी नपटाउन प्रहरीले सूचना मार्फत आग्रह गरेको छ ।
त्यसैगरी खेतमा पानी पठाउँदा अनिवार्य रूपमा एक जना कुरुवा खेतमा बस्न, कहिल्यै पनि डाइरेक्टर हुटिङ लगाई बिजुली चोरी नगर्न, सामान्यतया काम काज गर्दा हातले छुन सकिने वा खुट्टा लाग्न सकिने ठाउँमा बिजुलीको तार स्विच बोर्ड नराख्न सूचना मार्फत अनुरोध गरिएको छ ।

# ठेक्का वापत फिरौती नदिएपछि कबाड व्यवसायीमाथि कुटपिट

**मधेशदृष्टि**
**काठमाडौं ।**
ललितपुरको बालकुमार खरीबोटमा एक कबाड व्यवसायीमाथि कुटपिट भएको छ । एक कबाड व्यवसायीले मागेजती फिरौती रकम नदिएपछि अर्को कबाड व्यवसायीलाई कुटपिट गरेका छन् । शनिबार कबाड व्यवसायी दिलिप जयसवाल नेतृत्वको समूहले रविशंकर प्रसाद र महाविर साहलाई कुटपिट गरेका छन् । जयसवालले बालकुमारीमा छलफल गर्ने भनेर बोलाएको र फिरौती रकम माग्दा दिन नमानेपछि कुटपिट गरेको पीडितले बताए । भारतीय नागरिक जयसवास ललितपुरमा कबाड व्यवासाय गर्दै आएका व्यक्ति हुन् । जयसवालको योजनामा उनका व्यापारिक साथी समेत रहेका अभिषेकमान बस्नेत र आशिस बस्नेत, राजु ढुङगेल सहितले मिलेर प्रसाद र साहलाई कुटपिट गरेको पीडितले बताए । पीडितले आफूलाई गरिएको कुटपिटको सिसिटीभि क्यामेरामा कैद गरिएको भिडियो समेत दिँदै प्रहरीमा कारवाहीको माग गर्दै उजुरी समेत दिएका छन् । नेपाली व्यवसायी महाविर र रबिशंकरका अनुसार उनीहरुले काटेर फालिने र मागेको पैसा नदिए ज्यान सुरक्षित नहुने धम्की समेत दिएका छन् । 'ज्यान सुरक्षित राख्ने हो भने १० लाख रुपैयाँ देउ, नत्र काटेर फालिदिन्छौं' भन्दै उनीहरुले धम्की दिएको महाविरले भने । बालाजु औधोगिक क्षेत्र व्यवस्थापन कार्यालयले पुरानो टंकीको कबाडको समानको ठेक्का निकालेको थियो । सो ठेक्का महाविरले सबैभन्दा बढी रकममा सकार गरेका थिए । सोही अनुसार उनले ६ लाख १० हजार रकममा ठेक्का पाएका थिए । महाविरलाई सो ठेक्का परेपछि जयसवालले १० लाख फिरौत माग गरे । महाविरले आफूले पैसा दिन नसक्ने र आफ्नो व्यापारिक साथी समते



नमान्ने भएकाले यस बारेमा छलफल गर्ने बताए । त्यही बेला जयसवालले महाविरकै फोनबाट रबिशंकरलाई फोन गरेर बोलाएको महाविरले बताए । महाविर आएपछि उनीहरुले १० लाख रुपैया दिनुपर्ने माग गरे । केही गुण्डा बोलाएर सुरुमा धम्क्याएको र दिन नमानेपछि कुटपिट गरेको पीडितले जनाएका छन् ।
कुटपिटबाट घाईतेको लगनखेल स्थित पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भईरहेको छ । घटनाको बारेमा ललितपुर प्रहरी परिसरका एसपी नवरत्न पौडेलले घटनको बारेमा आफूलाई बिस्तृत जानकारी नभएको र घटनबारेमा बुझिरहेको जानकारी दिए ।

# पार्टी फुटले कुनै असर गरेको छैनः राउत

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका पूर्व मुख्यमन्त्री एवम् जसपा नेपालका महासचिव लालबाबु राउतले स्वार्थी समुहको बहकाउमा केहि व्यक्तिहरुले पार्टी फुटाएको भएपनि यसको असर संगठनमा नरहेको दाबी गरेका छन । शनिबार वीरगंजमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव राउतले जसपा नेपालमा मधेशका युवाहरुको आकर्षण रहेकोमा खुशी व्यक्त गरे । उनले एक दुई जना लोभिपापीहरु स्वार्थका लागि छोडेर जाँदैमा संगठनलाई खासै फरक नपरेको दाबी गरे । यसको परिपूर्तीका लागि आफुहरुले संगठनलाई थप मजबुत बनाउन तर्फ लागेको उनको भनाई छ । कार्यक्रममा नेपाली कांग्रेस लगायत विभिन्न राजनीतिक दल परित्याग गरी विनय पटेल, राज पटेल, महम्मद अखिल ठकुरी लगायतका ३ दर्जन युवाहरु जसपा नेपालमा प्रवेश गरेका छन् ।
सो अवसरमा पार्टीका नेताहरु ईजाहरुल अन्सारी, आकाश गिरी, अजय चौरसिया, आमोद यादव लगायतको सहभागिता रहेको थियो ।

# मिथिलाको पहिरन जगेर्ना गर्न जुलुस



**मधेशदृष्टि**
**वीरगंज ।**
मिथिलाको पहिरनलाई जगेर्ना गर्नुका साथै प्रचारप्रसार गर्ने उद्देश्यले युवाहरुले धोती, कुर्ता र सारी जुलुस निकालेका छन् । पछिल्लो समय युवाहरुमा मिथिलाको मुख्य पोशाकको रुपमा रहेको धोती कुर्ताप्रति बढ्दै गइरहेको वितृष्णा कम गर्ने उद्देश्यले युवाहरुले जनकपुरधाममा धोर्तीकुर्ता तथा सारी जुलुस निकालेका हुन् । धोती कुर्ता तथा सारी लगाएका सय भन्दा बढी युवा÷युवतीले जनकपुरधामको प्रसिद्ध जानकी मन्दिरमा पुगेर मन्दिरको परिक्रमा गरेका हुन् । मिथिलाको आफ्नो वस्त्र तथा मिथिला संस्कृति युवाहरुले नै जोगाउनुपर्छ भन्ने उद्देश्यले आफूहरुले जुलुस निकालेको जुलुसमा सहभागी सुमित जलानले बताए । उनले यसलाई अभियानकै रुपमा आफूहरुले अगाडी बढाएको बताए ।

# महानगरका सरसफाइकर्मीमाथि कुटपिट

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकामा कार्यरत एक जना सरसफाइकर्मीमाथि कुटपिट भएको छ । शनिबार बिहान फोहर सङ्कलन गरे क्रममा महागरपालिका वडा नम्बर १५ भिस्वामा महानगरका सरसफाइ कर्मी २२ वर्षीय राजेश मल्लिकमाथि स्थानीय निर्जल गिरी र उनका दुई छोराले कुटपिट गरेका हुन् । कुटपिटबाट मल्लिक सामान्य घाइते समेत भएका छन् । उनको बायाँ हात, पिठ्युँ र घाँटीमा चोट लागेको छ । महानगरपालिकाको सरसफाइ शाखाका प्रमुख सरफुदिन मियाँले कुटपिट गर्ने गिरीलाई प्रहरीले नियन्त्रणमा लिएको बताए । यता, वीरगंज महानगरापलिकाका प्रमुख राजेशमान सिंहले पनि घटनाप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।
उनले सरसफाईकर्मीलाई कुटपिट गर्नु सहय नहुने भन्दै वीरगंजलाई सफा र सुन्दर बनाउन अहोरात्र खट्ने सरसफाइकर्मीलाई सुरक्षित वातावरण प्रदान गर्नु महानगरापलिकाको प्राथमिकता रहेको र दुव्र्यवहार गर्नेमाथि कानुनी कारबाही गरिने बताए ।

# हार्मोनियम विज्ञ विमललाई आजपाको सम्मान

**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले हार्मोनियम विज्ञ विमल साहलाई सम्मानित गरेका छन् । वल्र्ड बुक अफ रेक्डर्स, लन्डनद्धारा हार्मोनियमको डिजिटल टयुनिङ्ग गर्ने संसारकै पहिलो व्यक्तिको रुपमा सम्मानित भएका साहलाई आजपा अध्यक्ष प्रभु साहले काठमाडौंमा सम्मानित गर्दै बधाई तथा शुभकामना व्यक्त गरे । सर्लाहीको ईश्वरपुर नगरपालिका–१३ निवासी विमल हालै वल्र्ड बुक अफ रेक्डर्स लन्डनद्धारा सम्मानित भएका थिए । उनी नेपालमा हार्मोनियमको क्षेत्रमा विगत लामो समयदेखि कार्य गर्दै आएका छन । उनको आफ्नै विमल नामको हार्मोनियम ब्रान्ड समेत रहेको छ । मिहेनतले मानिसलाई उचाइ तथा महान बनाउछ भने जस्तै एउटा सानो हार्मोनियमको मर्मत पसल खोलेका विमलले आज आफ्नै नामको ब्रान्ड चलाउनु खुशीको



विषय रहेको आजपा अध्यक्ष साहले बताए ।
हार्मोनियम सफा गर्ने, पेच कस्ने कामबाट करिअर सुरु गरेका उनी हाल हार्मोनियममा डिजिटल ट्युनिङ गर्छन् । उनी हार्मोनियम सुनेर सुर, बेसुर छुट्याउने र सुर लगाउने काम समेत गर्दै आएका छन् । त्यसैले त उनलाई कतिपयले हार्मोनियमका चिकित्सक (डाक्टर) भन्छन् भने कतिले हार्मोनियमका 'बादशाह' भनेर चिन्छन् । शम्भुजीत बाँस्कोटा, दीप श्रेष्ठ, कुन्ती मोक्तान, टीका भण्डारी, रामकृष्ण ढकाल, मनोजराज, सन्तोष श्रेष्ठ, शिव परियार, राजेश पायल राई, अन्जु पन्त, प्रमोद खरेल, विश्व नेपाली, राज सिग्देललगायत नेपालमा चर्चित गायक गायिकाले विमलबाट हार्मोनियममा ट्युनिङ गराएका छन् । सङ्गीत प्रशिक्षणमा नेपालमै सर्वाधिक चर्चित चन्दनकुमार श्रेष्ठ, गुरुदेव कामत, चण्डीप्रसाद काफ्लेले समेत उनीसँग हार्मोनिङ ट्युनिङ गराउँदै आएका छन् । साथै, बलिउडतिर भने उदितनारायण, दीपानारायण, सोनु निगम, कुमार सानु र अनु मलिक लगायतको हार्मोनिम ट्युनिङ गरिदिएको अनुभव उनीसँग छ । उनले भोजपुरीका चर्चित गायक तथा अभिनेता पवन सिंह, दिनेशलाल यादव, अवधेश प्रेमी लगायतका हार्मोनियमसमेत मर्मत गरिसकेको बताए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन